**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं**

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ, ८ सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ५७ | काठमाडौं | शुक्रबार, ५ असार २०८३ | Prabhab National Daily | Friday, 19 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

निर्मला पन्त हत्या प्रकरण

## गृहमन्त्री फेरिएपिच्छे प्राथमिकतामा, नतिजा शून्य

- पन्तको बलात्कारपछि हत्या भएको ८ वर्ष हुनै लाग्यो
- घटनामा संलग्नको पहिचान हुनै सकेन
- नेपाल प्रहरीको अनुसन्धान क्षमतामाथि प्रश्न



■ जेबी योञ्जन

**काठमाडौं–** 'निर्मला पन्तले न्याय कहिले पाउँछिन् ?' सरकार फेरिएसँगै बन्ने नयाँ गृहमन्त्रीले 'फेस' गर्ने पहिलो प्रश्न हो यो ।

सुदूरपश्चिमको कञ्चनपुरकी १३ वर्षीया किशोरी पन्तको बलात्कारपछि हत्या भएको आठ वर्ष पुग्नै लाग्यो । तर दोषी अझै पत्ता लागेको छैन । शपथ खानसाथ नयाँ गृहमन्त्री भन्ने गर्छन् - दोषी पत्ता लगाउन सुक्ष्म रूपले अनुसन्धान हुँदैछ ।

बिहीबार यसैगरी गृहमन्त्री सुधन गुरुङले पन्तको बलात्कार र हत्या प्रकरणको सूक्ष्म रूपमा गोप्य ढंगले भइरहेको दाबी गरे ।

गृह मन्त्रालयको बजेटमाथिको छलफलको क्रममा गृहमन्त्री गुरुङले सांसदको प्रश्नको जवाफ दिँदै भने, 'तपाईंहरूले निर्मला पन्तको कुरा उठाउनु भएको छ । कतिपय काम गुपचुप गर्नुपर्ने अवस्था हुँदो रहेछ । यो विषयमा हामी एकदम संवेदनशील छौं । हामीले सिरियस्ली हेरेका छौं । हाम्रा छोरी चेलीलाई हत्या गरे । त्यसपछि त्यो घटनामा क-कसले राजनीति गरे । त्यस विषयमा पनि हामीले काम अघि बढाएका छौं ।'

गृहमन्त्री गुरुङले पन्तको हत्या अनुसन्धान प्रकरणमा राजनीति भएको भन्दै त्यसबारे पनि अनुसन्धान गरिरहेको बताए । पन्त प्रकरण इतिहासकै त्यस्तो घटना हो, जुन घटना भएको दशक बित्दासमेत आरोपीको पहिचानसमेत हुन सकेको छैन ।

अपराधशास्त्री तथा सशस्त्र प्रहरीका पूर्वएआईजी डा. कृष्णकुमार तामाङका अनुसार कुनै पनि आपराधिक घटनाको अनुसन्धान गर्दा घटनामा संलग्न भएको व्यक्तिको पहिचान विभिन्न प्रमाणको आधारमा गरिन्छ । त्यसपछि आशंका गरिएका व्यक्तिकहाँ पुग्ने गरिन्छ । त्यसका लागि सोधपुछ अनुसन्धानको प्रारम्भिक तर महत्वपूर्ण चरण हो ।

यीसँगै अनेक कोणबाट जिल्लास्थित प्रहरी मात्रै नभएर प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को टोलीसमेत गरेर अनुसन्धान गऱ्यो । परिणाम भने शून्य छ । तर, गृहमन्त्री गुरुङले सूक्ष्म ढंगले अझै अनुसन्धान भइरहेको ठोकुवा गरे ।

उनकै दल रास्वपाका सभापति रवि लामिछानेले पनि ११ पुस २०७९ मा उपप्रधान तथा गृहमन्त्री हुँदा पन्तको न्यायका लागि पहल गर्ने पहिलो निर्णय गरेका थिए । तर, अनुसन्धानमा कुनै प्रगति भएन ।

जेन-जी विद्रोहअघि एमाले र कांग्रेसको संयुक्त सरकारमा गृहमन्त्री रहेका रमेश लेखकले पनि निर्मला पन्तको परिवारलाई न्याय दिने बाचा गरेका थिए ।



> तपाईंहरूले निर्मला पन्तको कुरा उठाउनु भएको छ । कतिपय काम गुपचुप गर्नुपर्ने अवस्था हुँदो रहेछ । यो विषयमा हामी एकदम संवेदनशील छौं । हामीले सिरियस्ली हेरेका छौं ।
>
> **सुधन गुरुङ**
> गृहमन्त्री

क्रमशः पृष्ठ २ मा

# राहदानी ठेक्का प्रकरणमा अख्तियारले बोलायो पूर्वमन्त्री आरजुलाई

### हङकङमा रहेकी आरजुलाई बाटोको म्यादबाहेक तीन दिनको समय

■ प्रभाव संवाददाता








**काठमाडौं–** राहदानी छपाइको ठेक्कामा कांग्रेस नेतृ आरजु राणा देउवा पनि अनुसन्धानको 'राडार'मा परेकी छिन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ६४ लाख प्रति राहदानी छपाइ ठेक्कामा आरजु पनि संलग्न भएको भन्दै बयानका लागि बोलाएको हो ।

अख्तियारले दुई दिनअघि आरजुको बूढानीलकण्ठस्थित घरमा पत्र पठाएर बयानका लागि बोलाएको हो । बुढानिलकण्ठ नगरपालिका वडा नम्बर-२ का अध्यक्ष राजेन्द्र श्रेष्ठको आरजुको नाममा पत्र आएको पुष्टि गरे । 'अख्तियारबाट पत्र आएको थियो । मैले उहाँको स्वकीय सचिवलाई बुझाएको छु,' श्रेष्ठले भने । कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासहित आरजु भने फागुनदेखि उपचारका लागि हङकङमा छन् ।

पूर्वपरराष्ट्र मन्त्रीसमेत रहेकी आरजुलाई बाटोको म्यादबाहेक ३ दिनभित्र बयान दिन आउन समय दिइएको अख्तियारले जनाएको छ । उक्त म्यादभित्र नआएमा कानुनबमोजिम अघि बढ्ने चेतावनीसमेत अख्तियारले दिएको छ । 'यस आयोगमा परेको वादी नेपाल सरकार प्रतिवादी आरजु राणा देउवासमेत भएको राहदानी छपाईसम्बन्धी कार्यमा भ्रष्टाचारजन्य कसुर गरेको भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा तपाईंसँग बयान लिनुपर्ने भएकोले यो सूचना बुझेको वा तपाईंको घरदैलोमा टाँस भएको मितिले बाटोको म्यादबाहेक ३ दिनभित्र यस आयोगको महाशाखा नम्बर १२ टंगाल, काठमाडौंमा उपस्थित हुन आउनुहोला, नआए कानुन बमोजिम हुनेछ,' मंगलबार अख्तियारले लेखेको पत्रमा भनिएको छ । देउवाका स्वकीय सचिव भानु देउवाले भने पूर्वपरराष्ट्र मन्त्री आरजु राणाबारे म्याद तामेलीका सन्दर्भमा आफूलाई केही जानकारी नभएको बताएका छन् । साथै देउवा दम्पती कहिले स्वदेश फर्कने भन्ने निश्चित नभएको उनले बताए ।

यसअघि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुरोधमा प्रहरीले बयानका लागि देउवा दम्पत्तीलाई 'रेड कर्नर' नोटिस जारी गर्न इन्टरपोललाई आग्रह गरेको थियो । इन्टरपोलले प्रक्रिया नपुगेको भन्दै 'रेड कर्नर' नोटिस जारी गर्न अस्वीकार गरेको थियो । यसैगरी देउवा दम्पत्तीलाई सम्पत्ति शुद्धीकरण प्रकरणमा सर्वोच्च अदालतले पनि तत्काल पक्राउ नगर्न आदेश दिएको छ ।

अख्तियारले राहदानीको ठेक्का प्रकरणमा भेरिडोसका स्थानीय एजेन्ट सिद्धार्थ थापालाई पक्राउको सूचीमा राखेको छ । सिद्धार्थ कांग्रेस नेता एवं राष्ट्रिय सभा सदस्य सुनिलबहादुर थापाका छोरा हुन् । सिद्धार्थ सोमबार प्रधानमन्त्री कार्यालयमा राखिएको छलफलमा सहभागी भए पनि केही समयमै काम परेको भन्दै निस्किएका थिए । त्यसपछि अख्तियारले खोजी गर्दा उनी सम्पर्कमा आएका छैनन् ।

यही कसुरमा राहधानी विभागका महानिर्देशक तीर्थराज अर्याल, निर्देशक सुनिल कुमार केसी, ठेक्का पाउने जर्मन कम्पनी म्युहलबाहुर आइडी सर्भिसको नेपाली एजेन्ट नमस्ते ग्लोबल कम प्रालिका प्रमुख कार्यकारी अधिकृत मनिन्द्रराज मल्ल र राहदानी विभागका तत्कालीन लेखा अधिकृत तुलसीप्रसाद आचार्यलाई हिरासतमा राखेर अख्तियारले बयान लिइरहेको छ ।

अन्य कर्मचारी तथा ठेक्कापट्टासँग सम्बन्धित व्यक्तिमाथि पनि अख्तियारले अनुसन्धान गरिरहेको छ । महानिर्देशक अर्यालसहित अन्य अधिकारीले ६४ लाख थान राहदानी छपाइको ठेक्कामा सेटिङ गरी अनियमितता गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । यो ठेक्का दुई वटा जर्मन कम्पनी भेरिडोस जीएमबीएच र म्युहलबौयर आइडी सर्भिस जीएमबीएचकाले पाएको थियो ।

म्युहलबौयर आइडी सर्भिस जीएमबीएचले पहिलो प्याकेजका लागि १ अर्ब ५५ करोड र भेरिडोस जीएमबीएचले दोस्रो प्याकेजका लागि ६ अर्ब ११ करोड ३८ लाख रूपैयाँमा एक वर्षअघि ठेक्का पाएका थिए । यी दुबै कम्पनीले असार अन्तिमदेखि पासपोर्ट छापेर दिने अन्तिम तयारीसमेत गरेको बताइएको छ । वालेन्द्र शाह प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री कार्यालयले यस विषयमा चासो राख्दै आएको र सबै कागजात मागिएको थियो ।

> 'यस आयोगमा परेको वादी नेपाल सरकार प्रतिवादी आरजु राणा देउवासमेत भएको राहदानी छपाईसम्बन्धी कार्यमा भ्रष्टाचारजन्य कसुर गरेको भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा तपाईंसँग बयान लिनुपर्ने भएकोले यो सूचना बुझेको वा तपाईंको घरदैलोमा टाँस भएको मितिले बाटोको म्यादबाहेक ३ दिनभित्र यस आयोगको महाशाखा नम्बर १२ टंगाल, काठमाडौंमा उपस्थित हुन आउनुहोला, नआए कानुन बमोजिम हुनेछ'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## सीप प्रमाणीकरण विवादबारे संघका पदाधिकारी र साउदी राजदूतबीच छलफल

### एसभिपी श्रमिककै हितमा रहेको राजदूतको दाबी, कार्यान्वयन गर्न व्यवसायीद्वारा अस्वीकार

■ ममता थापा



**काठमाडौं–** नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए मनिकरले स्किल भेरिफिकेसन प्रोग्राम (एसभिपी) अर्थात् सीप प्रमाणीकरण कार्यक्रम श्रमिककै हितमा रहेको दाबी गरेका छन् । बिहीबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीसँग भएको छलफलमा राजदूत मनिकरले उक्त दाबी गरेका हुन् ।

साउदीले बुधबारदेखि नै लागू गर्न खोजेपछि व्यवसायी विरोधमा उत्रिएका थिए । उक्त विरोधपछि सीप प्रमाणीकरण कार्यक्रम स्थगित भएको थियो । यही सन्दर्भमा बिहीबार संघका पदाधिकारीहरूले राजदूत मनिकरसँग छलफल गरेका हुन् ।

छलफलमा साउदी पक्षले श्रमिकको सीप प्रमाणीकरण गर्ने प्रावधान अन्य स्रोत मुलुकमा लागू भइसकेको र श्रमिकको हितमा पनि भएको बताएको संघका महासचिव हरि डाँगीले बताए । साथै, सीप प्रमाणीकरण गर्न ५० डलर (करिब १५ हजार रूपैयाँ)भन्दा बढी नलाग्ने भएकाले यसले श्रमिकमाथि ठूलो आर्थिक भार नपार्ने तर्क राखेको उनले सुनाए । यद्यपि, यस विषयमा सरकारसँग समन्वय नगरी निश्चित संस्थालाई लाभ पुग्नेगरी काम भएकाले यो स्वीकार्य नहुने महासचिव डाँगीको भनाइ छ ।

'यो सरकारसँगको समन्वयभन्दा पनि केही व्यक्तिको वित्तीय स्वार्थपूर्तिका लागि बिटुवी सम्झौताजस्तो देखिन्छ,' उनले भने, 'कि नेपाल सरकारले मान्यता दिएको सबै संस्थालाई दिनपऱ्यो । नत्र यो त सिण्डिकेट जस्तो भयो । हामी यो कार्यान्वयन गर्न तयार छैनौं ।'

सीप प्रमाणीकरणका लागि नेपालगञ्ज, लुम्बिनी, भरतपुर, काठमाडौंलगायतका स्थानमा करिब छ-सात वटा संस्थालाई जिम्मेवारी दिने तयारी भइरहेको बुझिएको छ । साउदीको कार्य भिसा लगाउन बुधबारदेखिसीप प्रमाणीकरण अनिवार्य गरिएकाले साउदी काम रोकिएको केही व्यवसायीहरूले बताएका छन् ।

## श्रमिकको उद्धार र शव व्यवस्थापन गर्न सहायता कोष



**काठमाडौं (प्रस)–** परराष्ट्र मन्त्री शिशिर खनालले गैरकानुनीरूपमा वैदेशिक रोजगारीमा गएर मृत्यु भएकाहरूको शव व्यवस्थापनका लागि आपत्कालीन सहायता कोषको व्यवस्था गर्ने बताएका छन् । अवैधानिकरूपमा रोजगारीमा गएका तथा परिवारले शव झिकाउन नसक्ने श्रमिकका लागि उक्त कोषमार्फत सहयोग गर्ने मन्त्री खनालको भनाइ छ ।

बिहीबार प्रतिनिधिसभामा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उनले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने र समस्यामा परेकाको सहायता र मृत्यु भएकाको शव व्यवस्थापनको विषयलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । रोजगारीमा गएका श्रमिकको मृत्यु भएर परिवारले शव झिकाउन नसक्ने अवस्थामा राज्यसँग कुनै कोष नभएकाले त्यसका लागि १५ करोड रूपैयाँ विनियोजन गर्ने प्रस्ताव गरेको उनले बताए ।

'श्रम स्वीकृति नलिई या अवैधानिक माध्यमबाट गएकाको उद्धार या शव व्यवस्थापन गर्न सरकारकारसँग विशेष फण्ड छैन,' उनले भने, 'आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेटमा विशेष इमरजेन्सी फण्ड भनेर १५ करोड रूपैयाँ प्रस्ताव गरेका छौं ।

त्यो स्रोत भयो भने आगामी दिनमा सहज हुन्छ ।' श्रम स्वीकृति नलिई रोजगारीमा गएका, विदेशस्थित नेपाली नियोगहरूबाट वैधानिकीकरण श्रम स्वीकृति नवीकरण नगरेका, वैधानिकरूपमा गएको भएता पनि कम्पनी छोडेर भागेका वा श्रम स्वीकृति नलिई अलपत्र परेका श्रमिकको उद्धार, सहायता वा शव व्यवस्थापनमा समस्या हुने गरेको छ ।

उक्त छलफलमा सांसद बलावती शर्माले अवैधानिकरूपमा वैदेशिक रोजगारीमा कति महिला घरेलु कामदारका रूपमा गएका छन् र उनीहरूलाई रोक्न के प्रावधान छ भनेर प्रश्न गरेकी थिइन् । त्यसको जवाफमा मन्त्री खनालले गैरकानुनीरूपमा कति महिला गएका छन् भन्ने तथ्यांक राज्यसँग नभएको बताए । हाल कुवेतमामात्रै ८० हजार महिला अनौपचारिक माध्यमबाट गएको जानकारी पाएको बताउँदै उनले वैधानिक बाटोबाट रोजगारीमा जान अपिलसमेत गरे । उनले कुवेतको जेलमा सयौं नेपाली रहेका विषयमा सत्यता नरहेको स्पष्ट पारे ।

क्रमशः पृष्ठ २ मा

## वैदेशिक रोजगारीमा पुगेकाको अवस्था अनुगमन गर्न विभागको निर्देशन




**काठमाडौं(प्रस)–** वैदेशिक रोजगार विभागले इजाजतपत्र प्राप्त संस्थालाई वैदेशिक रोजगारीमा रहेका कामदारको अवस्था अनुगमन गर्न निर्देशन दिएको छ । बिहीवार सूचना जारी गर्दै विभागले रोजगारीमा गएका श्रमिकबाट पटकपटक सम्झौता अनुसारको काम तथा सेवा सुविधा नपाएको गुनासो आएकाले अनुगमन गर्न निर्देशन दिएको जनाएको छ ।

नेपाली श्रमिकको हकहित, सुरक्षा र श्रम अधिकारको रक्षाका लागि मन्त्रीपरिषद्‌बाट गत जेठ २२ गते आएको निर्देशन बमोजिम उक्त कार्य गर्न लागिएको जनाइएको छ । यसका लागि विभागले म्यानपावरलाई आफूले पठाइएका प्रत्येक श्रमिकको अवस्थाबारे नियमित अनुगमन गर्न भनेको छ । मासिक रूपमा प्रत्येक समूह तथा लटबाट कम्तीमा पाँचदेखि १० जना श्रमिकसंग प्रत्यक्ष सम्पर्क गरेर सम्झौता अनुसारको काम भएनभएको जानकारी लिन भनेको छ । सम्झौता विपरीतको रोजगारीमा लगाएको पाइए कम्पनीसँग समन्वय गरेर सम्झौतामा उल्लेख गरिएको शर्तहरू कार्यान्वयन गराउन विभागले निर्देशन दिएको छ । विभागले यसको जानकारी प्रत्येक तीन महिनामा विभागमा पेश गर्न पनि भनेको छ ।

विभागका अनुसार म्यानपावरले श्रमिकलाई रोजगार सम्झौता, गन्तव्य मुलुकको कानून, पाउने सेवा सुविधाजस्ता विषय स्पष्ट बुझिने गरि जानकारी गराउन पर्ने छ । श्रमिकले सम्झौता बमोजिमको काम नपाए तत्काल सुनुवाइ गरि समाधानको प्रक्रिया अगाडि बढाउनु पर्नेछ । त्यसैगरि श्रमिकको उद्धार गर्नुपर्ने अवस्था आए तत्काल उद्धार र क्षतिपूर्तिको व्यवस्था गर्न विभागले निर्देशन दिएको छ ।

# हात्ती नियन्त्रणका लागि 'स्पेसल टास्क फोर्स' परिचालन गरिँदै

**झापा–** जंगली हात्तीबाट सर्वसाधारणको जीउधनको सुरक्षाका लागि जिल्लामा 'स्पेसल टास्क फोर्स' परिचालन गरिने भएको छ । प्रधानमन्त्री कार्यालयको निर्देशनमा 'स्पेसल टास्क फोर्स' गठनको प्रक्रिया अघि बढेको झापा निर्वाचन क्षेत्र नं १ की प्रतिनिधिसभा सदस्य निशा डाँगीले जानकारी दिइन् ।

'प्रधानमन्त्री कार्यालयले सम्बन्धित निकायहरूलाई प्रक्रिया अघि बढाउन बुधबार भनिसकेको छ,' उनले भनिन्, 'अब प्रमुख जिल्ला अधिकारीले 'स्पेसल टास्क फोर्स' परिचालनका लागि आवश्यक समन्वय गर्नु हुने छ ।'

गत हप्ता मेचीनगर नगरपालिका-४ मा ६२ वर्षीया पद्मा पौडेलको आफ्नै आँगनमा हात्तीको आक्रमणमा मृत्यु भएपछि स्थानीयवासीले जीउधनको सुरक्षाका लागि सरकारले तत्काल समाधानमुखी कदम चाल्नुपर्ने माग राख्दै आएका छन् । सोही घटनापश्चात् सांसद डाँगी र राष्ट्रिय सभा सदस्य रोशनी मेचेले जंगली हात्ती नियन्त्रण गरी नागरिकको जीउधनको सुरक्षाका लागि ठोस कदम चाल्न सरकारसँग माग गर्दै संसद्मा बोलेका थिए ।

'स्पेसल टास्क फोर्स'मा सशस्त्र प्रहरी, नेपाल प्रहरी र सशस्त्र वन रक्षकलाई सामेल गराइने र त्यसको परिचालन प्रमुख जिल्ला अधिकारी आफैंले गर्ने कार्ययोजना बनेको सांसद डाँगीले जानकारी दिइन् । फोर्सलाई हात्तीको प्रवेशगौडा मानिएको मेचीनगरको सीमावर्ती बाहुनडाँगी क्षेत्रमा खटाइने जनाइएको छ । सो क्षेत्रमा अन्तर्राष्ट्रिय सीमा पार गरेर भारतको आसाम र पश्चिम बंगालबाट ३० देखि १०० वटासम्म जंगली हात्तीको बथान एकैपटकमा नेपाल प्रवेश गर्दै आएको छ ।

वन्यजन्तु आरक्ष क्षेत्र नभएकाले हात्ती नियन्त्रणका लागि सीधै सुरक्षाकर्मी परिचालन गर्ने प्रक्रिया सहज छैन । सशस्त्र प्रहरी बल र नेपाल प्रहरी संघीय सरकार मातहत रहेका छन् भने सशस्त्र वन रक्षक प्रदेश सरकारको मातहतमा रहन्छन् ।

'स्पेसल टास्क फोर्स'मा कति सुरक्षाकर्मी परिचालन हुने भन्ने यकीन भइसकेको छैन । सांसद डाँगीले ५० जना सुरक्षाकर्मी माग गरिएको बताएकी छन् । उनले भनिन्, 'हात्ती नियन्त्रणका लागि अनुभवी र तालिमप्राप्त सुरक्षाकर्मी परिचालन गर्नुपर्ने भएकाले सुरुमा कम्तीमा १० जनाको संख्यामा भए पनि 'स्पेसल टास्क फोर्स' परिचालन गर्दा हुने सुझाव आइरहेको छ ।'

मेचीनगरमा 'स्पेसल टास्क फोर्स' परिचालन गरिने खबरले स्थानीयवासी उत्साहित भएका छन् । मेचीनगर नगरपालिका-४ का वडाध्यक्ष अर्जुन कार्कीले सर्वसाधारणको जीउधनको सुरक्षाका लागि नेपाल सरकारले सुरक्षाकर्मी परिचालन गर्ने खबर स्वागतयोग्य रहेको बताए । उनले हात्ती नियन्त्रणका लागि प्रशिक्षण प्राप्त सुरक्षाकर्मी खटाउनुपर्ने सुझाव दिएका छन् ।

तत्कालीन बाहुनडाँगी गाउँ विकास समितिका अध्यक्ष नीलकण्ठ तिवारी भारतीय क्षेत्रबाट हात्तीको बथान भित्रिन नदिने र स्थानीयवासीलाई ढुक्क महसुस गराउने ठोस कार्ययोजनासहित सरकार अघि बढ्नुपर्ने बताउँछन् । *रासस*

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३।०३।०५**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८२/८३ मा ढलापडा रूखहरूबाट संकलन भएको साल, असना, जामुन गोलिया १४४८.०० क्यू.फि. काठ, साल दाउरा १ चट्टा, अन्य दाउरा ०.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री सातपत्रे सा.व.उ.स., तिनाउ-२, पाल्पा ।**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७६।०४।०२ मा दर्ता भएको प्रा.लि.नं. २१८८७४ को **चन्द्रकान्त रियलस्टेट एण्ड कन्स्ट्रक्सन कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## विशेष दर्ता खारेजी सम्बन्धी 30 दिने सूचना

यस कार्यालयमा मिति २०७२।०९।२३ मा दर्ता भएको प्रा.लि.नं. १४३५४३ को **रूप ब्रदर्स प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **30 (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना

यस कार्यालयमा मिति २०८०/०८/१८ मा दर्ता भएको (प्रा.लि.नं. ३२४३१२) को **श्री एम.डी.रेहान टुर्स एण्ड ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना

यस कार्यालयमा मिति २०८०/१२/१५ मा दर्ता भएको (प्रा.लि.नं. ३३२९८३) को **श्री ग्लोबल ब्रिज नेपाल कन्सल्टिङ सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ३५ दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०३/०५ गते, शुक्रबार*

मिति २०७५/११/१३ मा दर्ता भएको यस **होटेल गोर्खाज प्रा.लि.** (प्रा.लि.नं.२०९५०८/०७५/०७६) लाई मिति २०८३/०३/०४ गते बसेको विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई **स्वेच्छिक खारेजी** गर्ने निर्णय गरिएको हुनाले यस कम्पनीप्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले (**३५ पैतिस) दिन** भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं.१६५)**
**का.म.न.पा.२९, काठमाडौँ, सम्पर्क नम्बर (९८१३२४६५५)**

## पृष्ठ १ बाट क्रमशः

### राहदानी ठेक्का...

सोमबारमात्र ठेक्का पाएका कम्पनीका प्रतिनिधि, महानिर्देशक अर्याल र प्रधानमन्त्री शाहको सचिवालयका प्रतिनिधिले छलफल गरेका थिए । यसबारे थप छलफल गर्न प्रधानमन्त्री शाहले मंगलबार बिहान १० बजे सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाएका थिए । छलफल सकिनसाथ अख्तियार प्रमुख प्रेमकुमार राई पनि प्रधानमन्त्री कार्यालय पुगेका थिए ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा २०८२ असारमा जर्मनीका दुई कम्पनीले पासपोर्ट आपूर्तिको ठेक्का पाएका थिए । त्यतिबेला जर्मन कम्पनीले ठेक्का पाएपछि फ्रान्सको कम्पनी आइडिमियाले ठेक्का प्रक्रियामा अनियमितता भएको आरोप लगाउँदै सर्वोच्च अदालत पुगेको थियो ।

विगत साढे चार वर्षदेखि फ्रान्सेली कम्पनी आईडीईएमआईएले नेपालको राहदानी छाप्दै आएको थियो । अघिल्लो सम्झौता अनुसार उक्त कम्पनीले ठेक्का सकिएपछि सफ्टवेयरको सोर्सकोड नेपाल सरकारलाई सित्तैमा दिनुपर्ने शर्त थियो । तर, महानिर्देशक अर्याल र विभागले उक्त सोर्सकोड फिर्ता लिनुको साटो पुनः नयाँ सफ्टवेयर र सोर्सकोड खरिद गर्ने भन्दै करिब २ अर्ब थप बढी खर्च हुने गरी टेन्डर प्रक्रिया अगाडि बढाएका थिए । छपाईमा ढिलाई हुँदा राहदानी अभाव हुने देखिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एक्सनमा उत्रिएको दाबी गरिएको छ ।

■■■

### गृहमन्त्री फेरिएपिच्छे...

कांग्रेस प्रतिपक्षमा हुँदा उनले पन्तको हत्या घटनामा संलग्नलाई सरकारले पक्राउ गर्न नसकेको भन्दै चर्को आलोचना गर्थे । तर, उनले पनि पन्तको हत्या घटनामा संलग्नलाई पक्राउ त के पहिचानसमेत गर्न सकेनन् । अनुसन्धान कति परिणाममुखी हुन्छ ? त्यो संशयपूर्ण रहेको अपराधशास्त्री तामाङ बताउँछन् । तर, अनुसन्धान गरिरहेको भन्ने गृहमन्त्री गुरुङले भन्नु सकारात्मक रहेको बताए । 'अभियुक्त नै पहिचान नभए अनुसन्धान फाइल मुल्तबीमा राखिन्छ तर गृहमन्त्रीज्यूले सूक्ष्म ढंगले अनुसन्धान भइरहेको भनेपछि त्यो फाइल खुला नै छ, यो सकारात्मक हो,' उनी भन्छन् ।

निर्मला प्रकरण नेपालको आपराधिक अनुसन्धान इतिहासकै सबैभन्दा चर्चित, संवेदनशील र खर्चिलो अनुसन्धानका रूपमा दर्ज भइसकेको छ । तर, हरेक गृहमन्त्रीले यो घटनालाई प्राथमिकतामा राख्ने घोषणा गरे पनि अपराधीसम्म पुग्ने राज्यको प्रयास सफल हुन सकेको छैन । यसबीचमा कहिले विशेष अनुसन्धान टोली गठन गरियो, कहिले विज्ञ समिति बनाइयो । कहिले अनुसन्धानलाई नयाँ ढंगले अघि बढाउने घोषणा गरियो भने कहिले आधुनिक प्रविधिको प्रयोग गरेर सत्य पत्ता लगाउने आश्वासन दिइयो । तर, हरेक पटकको घोषणा कागजमै सीमित भएको पीडित परिवार र अधिकारकर्मीहरूको गुनासो छ ।

उसो त घटनाको सुरुवाती अनुसन्धानमै गम्भीर कमजोरी भएको आरोप लाग्दै आएको छ । घटनाको २५ दिनपछि प्रहरीले स्थानीय दिलीपसिंह विष्टलाई अभियुक्तका रूपमा सार्वजनिक गर्‍यो । तर, उनको डीएनए नमुना घटनास्थलबाट सङ्कलन गरिएको भजाइनल स्वाबसँग नमिलेपछि अनुसन्धानको विश्वसनीयतामाथि प्रश्न उठ्यो ।

त्यसपछि प्रहरीले अन्य स्थानीय युवालाई पनि पक्राउ गरेर अनुसन्धान ग्यो । उनीहरूले अपराध स्वीकार गरेको दाबी गरिए पनि डीएनए परीक्षणले त्यसलाई पुष्टि गर्न सकेन । यसले अनुसन्धानलाई झन् जटिल र विवादित बनायो ।

अनुसन्धानको क्रममा प्रहरीमाथि प्रमाण नष्ट गरेको, अपराधीलाई जोगाउन खोजेको र घटनालाई गलत दिशामा मोडेको आरोप लाग्यो । त्यसपछि बहालवाला प्रहरी अधिकारीहरूमाथि नै कारबाहीको प्रक्रिया अघि बढाइयो । तत्कालीन कञ्चनपुर प्रहरी प्रमुख एसपी दिल्लीराज विष्टसहित आठ जना प्रहरी कर्मचारीविरुद्ध सार्वजनिक न्यायविरुद्धको कसुरमा मुद्दा दायर गरियो । पछि अदालतबाट उनीहरूले सफाइ पाए पनि यस घटनाले प्रहरी सङ्गठनको छविमा गम्भीर असर पारेको थियो । प्रहरीले हालसम्म ९५ जनाभन्दा बढीको डीएनए परीक्षण गरिसकेको छ । तर, कसैको पनि डीएनए घटनास्थलबाट सङ्कलित नमूनासँग मेल खाएको छैन ।

प्रहरी स्रोतका अनुसार अहिले पनि सूक्ष्म रूपमा केन्द्रीय अनुसन्धान ब्युरो, प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयका छुट्टाछुट्टै टोली अनुसन्धानमा खटिएका छन् । तर, अनुसन्धानको दिशा के हो र कहिले निष्कर्षमा पुग्छ भन्नेबारे स्पष्ट जवाफ कसैसँग छैन । राष्ट्रिय मानव अधिकार आयोगले गठन गरेको विज्ञ टोलीले सुरुवाती चरणमै डीएनए नमुना सङ्कलन प्रक्रियामा त्रुटि भएको निष्कर्ष निकालेको थियो । समितिको प्रतिवेदनमा भनेको थियो, 'डीएनए परीक्षणका लागि सङ्कलन गरिएको नमूना पूर्ण रूपमा दोषमुक्त रहेको भन्न सकिने अवस्था देखिएन । नमुना सङ्कलन र संरक्षण प्रक्रियामा कमजोरी देखिएको छ ।'

गृह मन्त्रालयले गठन गरेको अर्को विज्ञ समितिले पनि डीएनए नमुनामा मिसावट भएको हुनसक्ने निष्कर्ष निकालेको थियो । विज्ञहरूका अनुसार अनुसन्धानको सुरुवाती चरणमै भएका कमजोरीले अपराधीसम्म पुग्ने सम्भावना कमजोर बनाएको छ । निर्मला प्रकरणमा राज्यले अनुसन्धानका नाममा धेरै समिति बनायो, धेरै अनुसन्धान अधिकारी परिचालन गर्‍यो, ठूलो आर्थिक स्रोत खर्च गर्‍यो । तर, अनुसन्धान अझै पनि 'शंकाको घेरो'मै अल्झिएको छ ।

■■■

### श्रमिकको...

२०७३ सालबाट सम्बन्धित मुलुकले घरेलु कामदारसम्बन्धी स्पष्ट कानुन नबनाएसम्म र नेपालसँग द्विपक्षीय सम्झौता नगर्दासम्म नेपाली घरेलु श्रमिक पठाउन नपाइने व्यवस्था लागू गरिएको छ । तर गिरोहले भिजिट भिसाको दुरूपयोग गरी अवैधानिक बाटोबाट महिलाहरूलाई रोजगारीमा पठाइरहेको अवस्था छ ।

मन्त्री खनालले इरानको नियन्त्रणमा रहेका नेपालका अमृत झाको विषयमा अदालतको निर्णयअनुसार अघि बढ्ने बताए । 'विदेशमा कसैले गैरकानुनी क्रियाकलाप गरेको भनेर नियन्त्रणमा लियो भने स्थानीय कानुन आकर्षित हुन्छ,' मन्त्री खनालले भने, 'अहिलेको अवस्थामा उहाँ अनुसन्धानको क्रममा थुनामा हुनुहुन्छ । त्यहाँको अदालतले जे निर्णय गर्न त्यसको आधारमा सहजीकरण गर्छौं ।' उदयपुरको त्रियुगा नगरपालिका-११ का झा अवैध सामान ओसारपसार तथा तस्कारीको आरोपमा गत जनवरीको सुरुमै पक्राउ परेको जनाइएको छ । साथै युक्रेनमा युद्धबन्दीको रूपमा रहेका नेपालीको उद्धारको विषय पनि त्यत्तिकै जटिल भएको मन्त्री खनालले बताए । रुसी-युक्रेन युद्धका क्रममा रुसी सेनाबाट लडिरहेका नौ जना नेपाली युक्रेनको कब्जामा रहेको जनाइएको छ ।

'युक्रेनमा युद्धबन्दीको रूपमा नौ जना नेपाली हुनुहुन्छ । उहाँहरूलाई रेडक्रसकोमात्र एक्सेस छ,' उनले भने, 'हामीले हेर्दा उहाँहरू नेपाली भए पनि युक्रेनका लागि उहाँहरू रुसी सेना हुनुहुन्छ । युद्धबन्दी फर्काउन नेपाल र युक्रेनबीच कुनै समझदारी छैन । यसमा घनिभूतरूपमा काम गरिरहेका छौं ।' प्रतिनिधिसभाको छलफलमा मन्त्री खनालले परम्परागत कूटनीतिक कामका अतिरिक्त नेपाली नियोगहरूबाट नवप्रवर्तनसम्बन्धी कार्यहरू गर्ने व्यवस्थासमेत गरिएको बताए । यसका लागि नेपाली डायस्पोरा ग्लोबल नेटवर्कको कार्यक्रम प्रस्ताव गरिएको उनको भनाइ छ ।

■■■


**मलेसियामा रोजगार** कम्पनी : **KMWE MALAYSIA SDN BHD**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343695 | चलानी नं. ६०२५७०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing (Production Operators | 20 | 0 | 1700 | ६२,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HOOI LOONG GROUP SDN BHD**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343697 | चलानी नं. ६०२५७०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 62 | 0 | 1700 | ६२,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, 9851074015
Manohari Adhikari 9851327379, Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. RECEPTIONIST - 2 (F) 2. ACCOUNTANT - 2 (M/F)

नोट: +2 Passed (Only for Receptionist), अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

★ तलब: आपसी समझदारीमा
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. 1587/079/80
SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal
Tel: +9779841881185/ +977- 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

**साउदीमा रोजगार** कम्पनी : **DIYAR HOME HOTEL COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/03/03 | LT. No. 343636 | चलानी नं. ६०२५६९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | 1400 | ५६,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९०४/०६७/०६८
DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

**कतारमा रोजगार** कम्पनी : **NYWMKSYKW BZNS JRWB**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343694 | चलानी नं. ६०२५७०२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Iron-Monger Construction | 41 | 0 | 1100 | ४५,६११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter/Mason | 3 | 0 | 1100 | ४५,६११ | | | | | | | |
| 3 | Labourer, Road Construction | 6 | 0 | 1000 | ४१,४६४ | | | | | | | |
| 4 | PAINTER/PAINTER BUILDING | 3 | 0 | 1100 | ४५,६११ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: ए.के.एच ट्रेनिङ सेन्टर, काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260
E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

**मलेसियामा रोजगार** कम्पनी : **BW SIM HUAT TIMBER SDN BHD** शहर : **Taman Industri Perabot Sun**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 341609 | चलानी नं. ६०२५७०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 1700 | ६२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.: info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**साउदीमा रोजगार** कम्पनी : **LUXURY PACKAGING FACTORY FOR INDUSTRY**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343701 | चलानी नं. ६०२५७०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging workers | 3 | 0 | 1000 | ४०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**कतारमा रोजगार** कम्पनी : **CREATIVE LINE EVENTS**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343650 | चलानी नं. ६०२५६९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cabinet-Maker | 5 | 0 | 1200 | ४९,७५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Service Agents | 5 | 0 | 1500 | ६२,१९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:नशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२
Shuvam Overseas Employment Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

**साउदीमा रोजगार** कम्पनी : **ABDULLAH AL OTHAIM MARKETS COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343659 | चलानी नं. ६०२५६९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Stacker | 23 | 0 | 1200 | ४८,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1047/073/74
YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

**कुवेतमा रोजगार** कम्पनी : **ARABI ENERTECH K.S.C**

पूर्व स्वीकृति मिति : २०८३/03/02 | LT. No. 343577 | चलानी नं. ६०२५७०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Riggers | 40 | 0 | 130 | ६३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 130 | 0 | 100 | ४९,०८० | | | | | | | |
| 3 | Rigging Supervisor | 10 | 0 | 295 | १४४,७८० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न मितिमा लिएको ऋणको साँवा, ब्याज तथा हर्जाना रकम लिखत शर्तबमोजिम तोकिएको भाका म्यादभित्र तिर्न बुझाउन पर्नेमा सो नतिरी नबुझाई ऋण सम्बन्धि शर्त बन्देज उल्लघंन गरेकोले सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित तथा स्थलगत तर ताकेता गर्दा समेत ऋण चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले ऋण चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्न बुझाउनु पर्ने ऋणको साँवा, ब्याज, हर्जाना तथा लागेको दस्तुरसमेत एकमुष्ठ चुक्ता फछ्यौट गर्नुहुन सम्बन्धित ऋणी तथा जमानीकर्ताहरूलाई सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति तथा प्रचलित कानून बमोजिम र धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ता | धितोको विवरण |
|---|---|---|
| **नाम : रेनुका भारती**<br>सदस्यता नं.: ४४९९<br>बाबु : खड्ग बहादुर कार्की<br>बाजे : टेक बहादुर कार्की<br>ना.प्र.नं.: १३३३२४, सिन्धुपाल्चोक<br>ठेगाना : सिम्पालकाभ्रे गा.वि.स. वडा नं.-३, सिन्धुपाल्चोक<br>हालको ठेगाना : शंखरापुर न.पा.-६, काठमाडौं | **नाम : अनिता घर्ती मगर**<br>बाबु : बद्री घर्ती मगर<br>बाजे : मेहरमान घर्ती मगर<br>ठेगाना : कागेश्वरी मनोहरा-१, काठमाडौं । | **जग्गाधनीको नाम : रेनुका भारती**<br>बाबु : खड्ग बहादुर कार्की<br>बाजे : टेक हादुर कार्की<br>हालको ठेगाना : शंखरापुर न.पा.-६ काठमाडौं<br>ठेगाना : सिम्पालकाभ्रे गा.वि.स.वडा नं.-३ सिन्धुपाल्चोक<br>ना.प्र.नं.: १३३३२४, सिन्धुपाल्चोक<br>**साविक** : सिन्धुपाल्चोक जिल्ला, गा.वि.स./ न.पा.: स्याउले, वडा नं.५ नक्सा सिट नं.५, कित्ता नं.१४०९, क्षेत्रफल : ४-६-२-० |
| **नाम : फुलमाया कामी**<br>सदस्यता नं.: ३७६५<br>पति : मइते कामी<br>ससुरा : चाउरे कामी<br>ना.प्र.प.नं.: ३५१००६/८९८, चितवन<br>ठेगाना : पिप्ले गाविस. वडा नं.-०५, चितवन | **१. नाम : मइते कामी**<br>बाबु : चाउरे कामी<br>बाजे : जिते कामी<br>ठेगाना : पिप्ले गाविस. वडा नं.-०५, चितवन<br>**२. नाम : शिव बहादुर वि.क.**<br>बाबु : मइते कामी<br>बाजे : चाउरे कामी<br>ठेगाना : पिप्ले गाविस. वडा नं.-०५, चितवन | **जग्गाधनीको नाम : फुलमाया कामी**<br>पति : मइते कामी<br>ससुरा : चाउरे कामी<br>ठेगाना : पिप्ले गाविस. वडा नं.-०५, चितवन<br>ना.प्र.प.नं.: ३५१००६/८९८, चितवन<br>**साविक** : ललितपुर जिल्ला, गा.वि.स./न.पा.: इमाडोल, वडा नं.-९ नक्सा सिट नं.१०२१२६७१७, कित्ता नं.२११, क्षेत्रफल : २९.०० व.मि, कित्ता नं.२१४, क्षेत्रफल : ९२.२५ व.मि |
| **नाम : पवन कुमार गुप्ता**<br>सदस्यता नं.: १२७९<br>बाबु : हरिनारायण प्रसाद गुप्ता<br>बाजे : महेन्द्र प्रसाद गुप्ता<br>ना.प्र.प.नं.: १९३०५६/७३५, सर्लाही<br>ठेगाना : इश्वरपुर-३, सर्लाही<br>हालको ठेगाना : का.जि.का.म.न.पा.-२१, काठमाडौं | **नाम : पुजा कुमारी गुप्ता रौनियार**<br>सदस्यता नं.: ३८९३<br>बाबु : राजकुमार रौनियार<br>पति : पवन कुमार गुप्ता<br>ना.प्र.प.नं.: १९२०५६/४८१, सर्लाही<br>ठेगाना : इश्वरपुर-३, सर्लाही<br>हालको ठेगाना : का.जि.का.म.न.पा.-२१, काठमाडौं | |
| **नाम : प्रज्वल मान सिंह तुलाधर**<br>सदस्यता नं.: ८३४<br>बाबु : शान्त मान सिं तुलाधर<br>बाजे : अष्ट मान सिं तुलाधर<br>ना.प्र.प.नं.: ४१८३, काठमाडौं<br>ठेगाना : का.जि.का.म.न.पा.-२७, काठमाडौं | **नाम : रोजिता तुलाधर**<br>सदस्यता नं.: ८१०<br>बाबु : रविन्द्र मान तुलाधर<br>बाजे : बुद्धि रत्न तुलाधर<br>ना.प्र.प.नं.: ८२२८, काठमाडौं<br>ठेगाना : का.जि.का.म.न.पा.-२७, काठमाडौं | |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# भूमिहीनलाई चाँडो लालपूर्जा देऊ

सरकारले काठमाडौँका नदीकिनारामा बसोबास गर्दै आएका भूमिहीनलाई हटाएको दुई महिना पुग्नै लागेको छ । वैशाख १२ गते १२ लाख २० हजारभन्दा बढी भूमिहीनलाई सरकारले मनोहरा, थापाथली, सिनामंगलदेखि विभिन्न स्थानबाट हटाएको थियो । उनीहरूलाई सरकारले होल्डिङ सेन्टरमा बोलाएर सुचीकृत हुन आग्रह गरेको थियो । होल्डिङ सेन्टरमा राखेका कतिपय भूमिहीनले खानसमेत राम्रोसँग खान नपाएको आरोप लगाउँदै आएको छ । तर होल्डिङ सेन्टरमा आइ सुचीकृत बनेका भूमिहीन र संयुक्त परिवारलाई भत्तासमेत उपलब्ध गराउन थालेको छ ।

भत्ता प्रदान गरे पनि उनीहरूको उचित व्यवस्थापन अहिलेको टड्कारो आवश्यकता हो । तर कुनै तयारी सरकारले अझै गरेको छैन । देशका विभिन्न भागमा भूमिहीनलाई चार रोपनीभन्दा बढी जमिन दिने सरकारको तयारी भए पनि कसरी वितरण गर्ने भन्ने विषयमा कार्यविधि बनेको छैन ।

भूमिहीनलाई लालपूर्जा दिन गठन भएको भूमि समस्या समाधान आयोगले धेरैजसो अधिकार जिल्ला समितिलाई नै दिने भनेको छ । जिल्ला भूमि समस्या समाधान प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा ७७ जिल्लामै गठन भइसकेको छ । होल्डिङ सेन्टरमा रहेका भूमिहीनलाई कुन ठाउँमा कसरी राख्ने भन्ने विषयमा कुनै पनि योजना पनि सरकारले बनाएको देखिँदैन । समितिसँग जग्गा नापजाँच गर्न र खोजबिन गर्न पर्याप्त कर्मचारीसमेत देखिँदैन । अर्को विषय अब मनसुन शुरु भएसँगै बाढीपहिरोको जोखिमसमेत बढ्न थालेको छ ।

यस्तो अवस्थामा होल्डिङ सेन्टरमा रहेकाहरू आत्तिएका छन् । भूमि व्यवस्थामन्त्री प्रतिभा रावलले भने असारको तेस्रो सातादेखि लालपुर्जा वितरण गरेर समस्या समाधान गर्ने दाबी गरेकी छन् । प्रतिनिधिसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमाथिको छलफलका क्रममा बुधबार सांसदहरूले उठाएका प्रश्नको जवाफ मन्त्री रावलले यस्तो दाबी गरेकी हुन् । उनले दाबी गरेजस्तो सरकारी तयारी कहीँकतै देखिन्न ।

डिजिटल प्रविधिको विकास गर्न नसक्दा सरकारले वास्ताविक भूमिहीन ठम्याउन सकिरहेको छैन । त्यसैले पनि सरकारले हरेकलाई भूमिहीन भनेर स्वघोषणा गर्न आह्वान गरेको छ । जबकि कतिपयले अव्यवस्थित बास बस्दै आएकाहरूको पनि पुस्तेनी जग्गाजमिन रहेको बताइएको छ । यस्तो अवस्थामा सरकारले कुनै जाँचविनै लालपूर्जा वितरण गर्नु पनि अवैज्ञानिक हुन जान्छ । अर्को विषय भनेको भूमिहीनलाई जग्गाजमिन भन्दा पनि रोजगारी पनि मुख्य विषय हो । यसैले वास्तविक भूमिहीनको पहिचान गरी कानुनी प्रक्रिया पूरा गरेर सरकारले चाँडोभन्दा चाँडो लालपुर्जा वितरण गर्नुपर्छ ।

# बोनको सन्देशः भूमि जोगाउने लडाइँमा महिलाको नेतृत्व र जलवायु वित्तको आवश्यकता



❑ कृष्णचन्द्र न्यौपाने

> “ आज विश्व समुदायले जलवायु न्यायको कुरा गरिरहेको छ । जलवायु न्यायको अर्थ केवल विकसित मुलुकले वित्तीय सहायता उपलब्ध गराउनुमात्र होइन । त्यसको अर्थ ती स्रोतहरु वास्तविक आवश्यकता भएका समुदायसम्म पुग्नु पनि हो । नेपालका लागि अबको चुनौती स्पष्ट छ । भूमि पुनर्स्थापना, जलाधार संरक्षण, सामुदायिक वन व्यवस्थापन, जलवायु-स्मार्ट कृषि र महिला नेतृत्वलाई विकास नीतिको केन्द्रमा राख्नुपर्छ । स्थानीय तह, सामुदायिक वन, सहकारी र महिला समूहहरूलाई जलवायु वित्तसँग जोड्ने स्पष्ट संयन्त्र निर्माण गर्नुपर्छ ।

जर्मनीको बोन सहरमा हालै सम्पन्न संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी बैठक (एसबी६४) ले विश्व समुदायलाई एउटा स्पष्ट सन्देश दिएको छ- जलवायु परिवर्तनविरुद्धको लडाइँ केवल अन्तर राष्ट्रिय प्रतिबद्धता र घोषणाले जितिँदैन । यसको सफलता स्थानीय समुदाय, महिलाको नेतृत्व र पर्याप्त वित्तीय लगानीमा निर्भर गर्छ ।

यो सन्देश नेपालका लागि विशेष अर्थ राख्छ । किनभने विश्वले जुन १७ मा ‘विश्व मरुभूमीकरण तथा खडेरी दिवस’ मनाइरहँदा नेपाल पनि जलवायु परिवर्तन, भूमि क्षयीकरण, वन डढेलो, सुक्दै गएका पानीका मुहान र घट्दो कृषि उत्पादनजस्ता समस्यासँग संघर्ष गरिरहेको छ । यस वर्षको विश्व मरुभूमीकरण तथा खडेरी दिवसको नारा छ- ‘चरनक्षेत्रलाई चिनौं, सम्मान गरौं र पुनर्स्थापना गरौं’ । यो नारा केवल घाँसेमैदान वा पशुपालनसँग सम्बन्धित विषयमात्र होइन । यसले भूमि, वन, पानी, जैविक विविधता र मानव जीवनबीचको अन्तरसम्बन्धलाई उजागर गर्छ ।

आज विश्वभर भूमि क्षयीकरण बढ्दो चिन्ताको विषय बनेको छ । संयुक्त राष्ट्रसंघका अनुसार विश्वको करिब ४० प्रतिशत भूमि कुनै न कुनै रूपमा क्षयीकरणको चपेटामा परेको छ ।




यसले तीन अर्बभन्दा बढी मानिसको जीवन र जीविकोपार्जनलाई प्रभावित गरिरहेको छ । माटोको उर्वराशक्ति घट्दै जाँदा खाद्य उत्पादनमा असर परेको छ भने पानीका स्रोतहरूमा दबाब बढेको छ । जलवायु परिवर्तनले यो चुनौतीलाई झन् जटिल बनाएको छ ।

नेपालमा पनि अवस्था फरक छैन । हिमालदेखि तराईसम्म प्राकृतिक स्रोतहरू दबाबमा परिरहेका छन् । कतै पानीका मुहान सुकिरहेका छन्, कतै अनियमित वर्षाले खेती प्रणालीलाई प्रभावित बनाइरहेको छ । वन डढेलोका घटना बढिरहेका छन् । माटो कटान, भूक्षय र जैविक विविधतामा आएको ह्रासले ग्रामीण अर्थतन्त्रलाई प्रत्यक्ष असर गरिरहेको छ ।

भूमि क्षयीकरणलाई धेरैजसो वातावरणीय समस्याका रूपमामात्र बुझ्ने गरिन्छ । तर यसको असर त्योभन्दा धेरै गहिरो छ । जब जमिनको उत्पादकत्व घट्छ, त्यसले किसानको आम्दानी घटाउँछ । जब पानीका स्रोत कमजोर बन्छन्, त्यसले खाद्य सुरक्षा र जनस्वास्थ्यमा असर पार्छ । जब वन क्षेत्र कमजोर हुन्छ, त्यसले विपद्को जोखिम बढाउँछ । त्यसैले भूमि संरक्षणको प्रश्न विकास, गरिबी न्यूनीकरण र आर्थिक समृद्धिसँग जोडिएको विषय पनि हो ।

यी सबै समस्याको असर महिलामाथि बढी पर्छ । ग्रामीण नेपालमा पानी ल्याउने, घाँस-दाउरा संकलन गर्ने, पशुपालन गर्ने, खेतीपाती सम्हाल्ने र परिवारको खाद्य सुरक्षाको जिम्मेवारी मुख्यतः महिलाकै काँधमा हुन्छ । पानीको मुहान टाढिँदा महिलाको श्रम बढ्छ । वन क्षेत्र कमजोर हुँदा घाँस-दाउरा संकलन गर्न बढी समय खर्च गर्नुपर्छ । कृषि उत्पादन घट्दा परिवारको जीवनयापनमा चुनौती थपिन्छ ।

तर महिलालाई केवल प्रभावित समूहका रूपमा चित्रण गर्नु अपूर्ण दृष्टिकोण हुने छ । वास्तवमा महिलाहरू नै समाधानका महत्त्वपूर्ण वाहक हुन् ।

नेपालको सामुदायिक वन आन्दोलन यसको उत्कृष्ट उदाहरण हो । देशभरका हजारौं सामुदायिक वन उपभोक्ता समूहमा महिलाहरू सक्रिय छन् । कतिपय स्थानमा उनीहरूले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् । वन संरक्षण, डढेलो नियन्त्रण, पानीका स्रोतको संरक्षण, जैविक विविधता व्यवस्थापन तथा सामुदायिक विकासका क्षेत्रमा महिलाहरूले उल्लेखनीय योगदान पुर्‍याएका छन् ।

त्यसैगरी सहकारी आन्दोलनले पनि महिलाको आर्थिक सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । बचत तथा ऋण कार्यक्रम, साना उद्यम, कृषि व्यवसाय र स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत सहकारीहरूले हजारौं महिलालाई आर्थिकरूपमा आत्मनिर्भर बनाउन सहयोग गरेका छन् । आजको सन्दर्भमा सामुदायिक वन र सहकारीलाई केवल वन व्यवस्थापन वा बचत संकलन गर्ने संस्थाका रूपमा हेरेर पुग्दैन । यी संस्थाहरूलाई स्थानीय जलवायु अनुकूलन र भूमि पुनर्स्थापनाका केन्द्रका रूपमा विकास गर्न आवश्यक छ ।

यही विषय बोन बैठकमा पनि जोडदाररूपमा उठाइएको थियो । विश्वभर जलवायु अनुकूलन, जैविक विविधता संरक्षण र भूमि पुनर्स्थापनाका लागि ठूलो मात्रामा वित्तीय स्रोत परिचालन भइरहेका छन् । तर यी स्रोतहरू वास्तवमै स्थानीय तहसम्म पुगिरहेका छन् कि छैनन् भन्ने प्रश्न अझै जीवित छ ।

अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले देखाएका छन् कि जलवायु वित्तको ठूलो हिस्सा नीति निर्माण, ठूला परियोजना वा प्रशासनिक संरचनामै केन्द्रित हुने गरेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष असर भोगिरहेका स्थानीय समुदाय, महिला समूह, किसान र सामुदायिक संस्थाहरू भने अझै पर्याप्त स्रोतबाट वञ्चित छन् ।

नेपालमा पनि यही अवस्था देखिन्छ । सामुदायिक वन उपभोक्ता समूह, महिला सहकारी, किसान समूह र स्थानीय सरकारहरू जलवायु अनुकूलनका अग्रपंक्तिमा काम गरिरहेका छन् । तर उनीहरूलाई आवश्यक वित्तीय स्रोत, प्रविधि र क्षमता विकासको अवसर पर्याप्तरूपमा उपलब्ध छैन ।

यदि जलवायु वित्तलाई स्थानीय संस्थासँग प्रभावकारीरूपमा जोड्न सकियो भने परिणाम निकै सकारात्मक हुन सक्छ । सामुदायिक वनहरूले जलाधार संरक्षण, वन डढेलो नियन्त्रण, चरनक्षेत्र पुनर्स्थापना तथा कार्बन सञ्चितीकरणका कार्यक्रम विस्तार गर्न सक्छन् । सहकारीहरूले जलवायु-स्मार्ट कृषि, नवीकरणीय ऊर्जा, सौर्य सिँचाइ, हरित उद्यम र महिला उद्यमशीलतामा लगानी गर्न सक्छन् । यसले वातावरण संरक्षणमात्र होइन, स्थानीय रोजगारी सिर्जना, आयआर्जन वृद्धि र गरिबी न्यूनीकरणमासमेत योगदान पुर्‍याउने छ ।

आज विश्व समुदायले जलवायु न्यायको कुरा गरिरहेको छ । जलवायु न्यायको अर्थ केवल विकसित मुलुकले वित्तीय सहायता उपलब्ध गराउनुमात्र होइन । त्यसको अर्थ ती स्रोतहरू वास्तविक आवश्यकता भएका समुदायसम्म पुग्नु पनि हो । नेपालका लागि अबको चुनौती स्पष्ट छ । भूमि पुनर्स्थापना, जलाधार संरक्षण, सामुदायिक वन व्यवस्थापन, जलवायु-स्मार्ट कृषि र महिला नेतृत्वलाई विकास नीतिको केन्द्रमा राख्नुपर्छ । स्थानीय तह, सामुदायिक वन, सहकारी र महिला समूहहरूलाई जलवायु वित्तसँग जोड्ने स्पष्ट संयन्त्र निर्माण गर्नुपर्छ ।

विश्व मरुभूमीकरण तथा खडेरी दिवसले हामीलाई भूमि संरक्षणको महत्त्व सम्झाउँछ । बोन बैठकले त्यसलाई कार्यान्वयन गर्न आवश्यक वित्तीय र नीतिगत आधारको आवश्यकता औंल्याउँछ । यी दुवै सन्देशलाई एकसाथ बुझ्न सकेमात्र दिगो समाधान सम्भव हुन्छ । जलवायु परिवर्तनको भविष्य केवल बोन, न्युयोर्क वा काठमाडौंका सम्मेलन कक्षहरूमा तय हुने छैन । यसको भविष्य गाउँका खेतबारीमा, पानीका मुहानमा, सामुदायिक वनमा, चरनक्षेत्रमा र ती स्रोतहरूको संरक्षणमा जुटेका लाखौं नेपालीको मिहेनतमा निर्भर रहने छ । र, त्यो अभियानको अग्रपंक्तिमा महिलाहरू छन् ।

त्यसैले आजको सबैभन्दा महत्त्वपूर्ण प्रश्न भूमि कसरी जोगाउने भन्नेमात्र होइन; भूमि जोगाइरहेका समुदाय र महिलालाई कसरी सशक्त बनाउने भन्ने पनि हो । किनभने, भूमि पुनर्स्थापना र जलवायु अनुकूलनको वास्तविक सफलता त्यहीँबाट सुरु हुन्छ ।

kneupane47@gmail.com

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ । विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

पाठक मञ्च

# घरजग्गा र सेयरमा लगानीले निम्त्याउँदै संकट

२०८२ फागुन २५ गते नेप्से १६२ अंकले बढ्यो । एक कित्ता सेयरकै दुई हजार ९६७ रूपैयाँ पुगेको थियो । दलालहरू भन्थे- सेयर कित्ताकै ३५ सयदेखि ४५ सय रूपैयाँ पुग्ने छ । यद्यपि, त्यसयता सेयरको मूल्य घट्दो छ । अहिले २६ सय रूपैयाँ प्रतिकित्तामा झरेको छ । सेयरमा ८३ लाख ६७ हजार सर्वसाधारणले लगानी गरेका छन् ।

एउटै व्यक्तिले १० हजारदेखि खर्बौंसम्म लगानी गरेका छन् । बैंक, वित्तीय संस्थाले पनि सेयरमा थुप्रै कर्जा लगानी गरेका छन् । बैंकलेमात्र एक खर्ब ६७ अर्ब रूपैयाँ कर्जा सेयर धितो राखेर प्रवाह गरेको छ । सेयर बैंकसहित हाइड्रोपावर, इन्स्योरेन्सलगायत कम्पनीले १०० रूपैयाँ प्रतिकित्तामा निष्काशन गर्छन् ।

कानुन भन्छ- कुनै पनि वस्तुमा २० प्रतिशतभन्दा बढी नाफा खान मिल्दैन । योभन्दा बढी नाफा खाएमा कालोबजारी लाग्छ । यसर्थ, १०० रूपैयाँको सेयर १२० रूपैयाँमा किनबेच गर्नुपर्छ । तर, यहाँ त २६ सयमा किनबेच भइरहेको छ । अनि यहाँ कालोबजारी लाग्छ कि लाग्दैन ? जलविद्युत् कम्पनी दर्ता भएको ३० वर्षपछि त्यसको चल-अचल सम्पत्ति राज्यको हुने कानुनी व्यवस्था छ ।

दुई वर्षयता असोजमा आएको बाढीपहिरोका कारण धेरै जलविद्युत् कम्पनी डुब्ने अवस्थामा पुगेका छन् । इन्स्योरेन्स कम्पनीहरू पनि संकटमा छन् । बर्खायामको बाढीपहिरो र जेन-जी आन्दोलनमा भएको खर्बौं क्षतिको भुक्तानी उनीहरूले दिन सकिरहेका छैनन् । सहकारी, लघुवित्त, फाइनान्स त डुबिहाले । बैंकमा पनि समस्या देखिसक्यो ।

बैंकको कर्जा प्रवाह ठप्प छ भने दिएको ऋण पनि असुली भइरहेको छैन । ऋणीहरू धितो लिलाम गर भनेरै हात उठाउँछन् । यद्यपि, धितोबाट ऋणको आधा रकमसमेत नउठ्ने अवस्था छ । यसले बैंक पनि छिट्टै टाट पल्टिने देखिँदै छ । बैंक तथा वित्तीय संस्थाले घरजग्गामात्र धितो राखेर सात खर्ब कर्जा प्रवाह गरेका छन् । गाडीमा पनि खर्बौं कर्जा लगानी गरिएको छ ।

संस्थाका अध्यक्ष, सञ्चालक, कर्मचारीहरूले घुसको प्रलोभनमा घरजग्गा, गाडी र सेयरमा लगानी गरे । सुरुमा कमाए पनि । तर, कृत्रिमरूपमा बढाइएको मूल्य लामो समय टिक्दैन । घरजग्गा, गाडी र सेयरको हकमा पनि यही भयो । रोपनीको १० हजार रूपैयाँमा नबिक्ने खेतीयोग्य जमिन भूमाफियाहरूले प्लटिङ गरेर आनाकै २५ लाखदेखि १४ करोड रूपैयाँसम्ममा बेचे ।

एक रोपनीमा १६ आना हुन्छ । छिमेकी मुलुक भारत र चीनमा ५० हजारदेखि १० लाख रूपैयाँ पर्ने सवारीसाधन अटो शोरुमहरूले अढाइ लाखदेखि २४ करोड रूपैयाँसम्ममा बेचे । गाडी फलाम, सिसा, कपडा, फर्मलगायतबाट बन्छ । यी वस्तु कवाडले एक रूपैयाँ किलोमासमेत लग्दैन । सेयर त १०० रूपैयाँ प्रतिकित्तामा निष्कासन गरिएको भइहाल्यो ।

यस्तै, वि.सं.२०२२ सालसम्म सुन प्रतितोला ८० रूपैयाँ थियो र चाँदी त सित्तैमा पनि कसैले नलैजाने भन्नेहरू अझै भेटिन्छन् । तर, यही सुन केही महिनाअघि तोलाकै चार लाखमा बेचियो त चाँदी १० हजार । यसरी १०० को सामानमा करोडौं लगानी गरेपछि नडुबेर के हुन्छ ? लगानी गर्नुपूर्व निकै सोच्नुपर्छ ।

विडम्बना, सर्वसाधारणदेखि बैंक, वित्तीय संस्थासम्मले दलालीको लहैलहैमा लागेर लगानी गरे । परिणाम आज हामीसामु छ-सहकारीको भागाभाग चल्यो, सर्वसाधारण डुबे, बैंकमा पनि संकट देखिँदै छ । घरजग्गा, गाडी, सेयरलगायत धितो राखेर सहकारीबाट ६३ लाख, लघुवित्तबाट २७ लाख र बैंकबाट २२ लाख सर्वसाधारणले ऋण लिएका छन् ।

एक लाख रूपैयाँको मासिक पाँचदेखि ३० हजार रूपैयाँमा कर्जा लिने पनि लाखौं छन् । बैंक, वित्तीय संस्थाले कर्जा दिने बेला १२ देखि १८ प्रतिशत ब्याज भन्छन् । तर, २२ देखि ८० प्रतिशतसम्म असुलिन्छ । सेवाशुल्क तीन प्रतिशतसम्म र तीन किस्ता नतिर्नेबित्तिकै धितो लिलाम गरिन्छ । बैंक, वित्तीय संस्थाबाट ऋण लिएकामध्ये पाँच लाख सर्वसाधारण कालोसूचीमा परिसकेका छन् । यो क्रम बढ्दो छ ।

किनकि घरजग्गा, गाडी र सेयरको मूल्य निरन्तर घट्दो छ । बजारमा यी वस्तु बेच्न चाहने त थुप्रै भेटिन्छन् तर किन्ने शून्य बराबर छन् । बाबुराम भट्टराईले अर्थमन्त्री र प्रधानमन्त्री हुँदा ‘घरजग्गा, गाडी र सेयर विलासित वस्तु हुन्, यसमा लगानी गर्दा जुनसुकै बेला डुब्न सकिन्छ’ भनेका थिए । युवराज खतिवडाले पनि अर्थमन्त्री हुँदा यही कुरा दोहोर्‍याएका थिए ।

राष्ट्र बैंकको गभर्नर हुँदा घरजग्गा, गाडी र सेयरमा लगानी कडाइसमेत गरेका थिए । तर, भूमाफिया, दलालहरूले त्यसको विरोध गर्दै सर्वसाधारणमा भ्रम फैलाए । घरजग्गा, गाडी र सेयरमा लगानी गर्न लगाए । तैपनि बैंक, वित्तीय संस्थाबाट ऋण लिन लगाए । त्यसरी यी क्षेत्रमा लगानी गरेका सर्वसाधारण आज मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् ।

यदि अझै पनि सरकारले यी क्षेत्रमा कडाई नगर्ने हो भने डुब्न बाँकी रहेका सर्वसाधारण पनि डुब्ने छन् । बाबुराम र युवराजले सचेत गराउँदै सर्वसाधारणले यी वस्तुमा लगानी गर्न रोकेको भए र सरकारले पनि कडाइ गरेको भए आज यो अवस्था आउने नै थिएन । अब डुब्ने त डुबिसके, नडुबेका बचौं, सचेत हौं । लगानी गर्नुपूर्व सोचौं ।

- रुषा थापा
भक्तपुर



**डिजेल लिन लामबद्ध किसान** | ट्र्याक्टरले खेत जोत्नका लागि कैलालीको टीकापुरस्थित पेट्रोल पम्पमा डिजेल लिन लाइनमा बसेका किसान । *तस्बिर: रासस*

# जाग्यो बसपार्क बन्ने आशा

**गण्डकी–** पोखरा बसपार्कको जग्गामा निर्माण गरिएका अनधिकृत संरचना हटाउन सुरु गरिएको छ । पोखरा महानगरपालिकाले पोखरा-९ पृथ्वीचोकस्थित बसपार्कको जग्गा मिचेर बनाइएका संरचना हटाउन थालेको हो ।

आधुनिक पोखरा बसपार्क निर्माणका लागि पोखरा उपत्यका नगर विकास समितिले पाँच दशकअघि उक्त जग्गा अधिग्रहण गरेको थियो । यसअघि महानगर र नगर विकास समितिले अतिक्रमित संरचना हटाउन पटक-पटक सूचना जारी गरेको थियो । सोही सूचनाअनुसार खाली भएका घरटहरा र पसल हटाउन सुरु गरिएको पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताए । 'संरचना हटाएर बसपार्कको जग्गा खाली गर्ने र यकीन गर्ने काम सुरु भएको छ,' उनले भने, 'जग्गाधनीको पनि कित्ता यकीन गरी व्यवस्थापन गर्छौं ।'

बसपार्कका लागि २०३२ सालमा नगर विकास समितिले २०५ रोपनी जग्गा अधिग्रहण गरेकामा अतिक्रमण गरी जथाभावी संरचना बन्न थालेपछि बसपार्कको खाली जग्गा २६ रोपनीमामात्र सीमित भएको थियो । बसपार्कको उत्तरपट्टिका जग्गाधनीले संरचना हटाउने महानगरको तयारीविरुद्ध उच्च अदालत पोखरामा रिटसमेत दायर गरेका थिए । गत जेठ २५ गते महानगरसँग भएको सहमतिपछि जग्गाधनीले मुद्दा फिर्ता लिने र बसपार्क निर्माणमा सहजीकरण गर्ने निर्णय गरेका थिए । त्यसपछि बसपार्क क्षेत्रका अधिकांश व्यवसायी तथा घरधनीले आफ्ना संरचना खाली गरेका थिए ।

पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत अधिकांश संरचना खाली भइसकेका वडाध्यक्ष मर्सानीले बताए । बसपार्कको भित्री जग्गामा बनेका संरचना पनि खाली भएपछि महानगरले डोजर चलाएको उनको भनाइ छ । बसपार्कको जग्गामा बसोबास गर्दै आएका भूमिहीन दलित र सुकुमबासी परिवारलाई भने अन्यत्र जग्गा व्यवस्थापन भएपछि मात्र त्यहाँबाट स्थानान्तरण गर्ने महानगरको योजना छ ।

बसपार्कको जग्गामा ५७२ भूमिहीन दलित र सुकुमबासी परिवारको बसोबास छ । क्षेत्रमा पोखरा विमानस्थल निर्माणका क्रममा विस्थापित भएका परिवारसमेत बसपार्कको जग्गामा बस्दै आएका छन् । जग्गा अधिग्रहणका बेला सट्टा जग्गा लिएका पनि बसपार्क क्षेत्रमा छन् । बसपार्कभित्र बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको टोल सहजीकरण समितिका संयोजक असिम तामाङले सुकुम्बासीको उचित व्यवस्थापन भएमा आफू बसपार्कको जग्गा छोड्न तयार भएको बताए ।

महानगरले बसपार्कका सुकुम्बासी परिवारको स्थानान्तरणका लागि समिति गठन गरेर जग्गाको खोजी तथा पहिचान गर्ने काम सुरु गरिसकेको छ । पोखरा-१७ की वडाध्यक्ष राधिका शाही योगीको संयोजकत्वमा गठित समितिले महानगरका विभिन्न छ स्थानमा जग्गा यकीन गरी महानगरलाई सिफारिस गरेको थियो । समितिले पेस गरेका केही जग्गामा प्राविधिक जटिलता देखिएकाले थप अध्ययन, परीक्षण तथा सिफारिसका लागि प्राविधिक समिति गठन गरी सो समितिलाई १० दिनको म्याद थप गरिएको महानगरले जनाएको छ ।

जग्गाको 'प्लट' निर्माणका लागि पनि प्राविधिक समिति बनाएर काम थालिएको छ । बसपार्क क्षेत्रमा लालपुर्जा भएका जग्गाधनीको वितरण प्रक्रिया तथा क्षेत्रफल यकीन गरी सिफारिस गर्न गठित न्यायिक निरूपण समितिले छानबिन र अध्ययनको काम गरिरहेको महानगर प्रमुख धनराज आचार्यले बताए । सुकुम्बासी परिवारको व्यवस्थापन तथा उचित पुनर्स्थापनाको सुनिश्चिततासहित आवश्यक प्रक्रिया अगाडि बढेको उनको भनाइ छ ।

'उत्तरतर्फबाट बसपार्कको जग्गा खाली गर्ने र व्यवस्थापन गर्ने काम सुरु भएको छ,' प्रमुख आचार्यले भने, 'हामी सबैको साझा लक्ष्य आधुनिक र व्यवस्थित पोखरा बसपार्क निर्माण गर्नु हो, यसमा सबै पक्षको सहयोग रहनेमा महानगर विश्वस्त छ ।'

बसपार्क समस्या सहजीकरण समितिसँगको समन्वय र सहकार्यमा संरचना हटाउने काम भइरहेको उनको भनाइ छ । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादकोसमेत छानबिन गर्ने काम भइरहेको प्रमुख आचार्यले बताए ।

पोखरा उपत्यका नगर विकास समितिले सुरुमा अधिग्रहण गरेको २०५ रोपनीमध्ये पृथ्वी राजमार्गको निर्माणपछि कायम भएको १८७ रोपनी जग्गामै बसपार्क बनाउनुपर्ने माग उठ्दै आएको छ । समयमा बसपार्क नबन्दा अधिग्रहण गरिएको जग्गा अतिक्रमण परेको थियो । अतिक्रमित संरचना हटाउन थालिएपछि आधुनिक पोखरा बसपार्क निर्माणको योजना अगाडि बढ्नेमा आशा जागेको छ ।

महानगरपालिकाले बसपार्क निर्माणलाई प्राथमिकतामा राख्दै दातृ निकायमार्फत आवश्यक बजेट सुनिश्चित गरेको छ । पर्यटनका माध्यमबाट नेपाललाई अन्तर ार्ष्ट्रिय जगतमा चिनाएको पोखरामा स्तरीय बसपार्क बन्न नसकेकामा यातायात र पर्यटन व्यवसायीको दुःखेसो छ । बसपार्क नबन्दा ट्राफिक व्यवस्थापनमा पनि चुनौती थपिएको छ । तीव्र सहरीकरण र सवारीसाधनको चापलाई दृष्टिगत गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने आवाज उठ्दै आएको छ । *रासस*

मानव-वन्यजन्तु द्वन्द्व

# तनहुँमा नौ वर्षमा १७ बालबालिकाको गयो ज्यान

**तनहुँ–** तनहुँमा नौ वर्षको अवधिमा वन्यजन्तुको आक्रमणमा परी १७ जना बालबालिकाको ज्यान गएको छ । मानव-वन्यजन्तु द्वन्द्वका कारण यसअवधिमा ३८ वटा घट्ना भएका डिभिजन वन कार्यालयले जनाएको छ ।

वि.सं. २०७४ देखि २०८२ सम्मको अवधिमा त्यस्ता घटनामा २१ जना स्थानीय घाइते भएका थिए । वन्यजन्तुको आक्रमणमा परी सबैभन्दा बढी बन्दीपुर गाउँपालिकामा मानवीय क्षति भएको छ ।

उक्त स्थानमा भएका ११ घटनामा सात जना बालबालिकाको मृत्यु र चार जना घाइते भएको सूचना अधिकारी एवं वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार भानु नगरपालिका १४ घटना हुँदा पाँच जनाको मृत्यु र नौ जना घाइते भएका छन् । अधिकांश घटना चितुवाबाट भएको छ भने केही घटना भालु र बाँदरबाट भएको छ । व्यास नगरपालिका भएको छ वटा घटनामा दुई जनाको मृत्यु र चार जना घाइते भएका छन् ।

त्यसैगरी शुक्लागण्डकीमा तीन घटनामा दुई जनाको मृत्यु र एक जना घाइते भएका छन् । आँबुखैरेनी गाउँपालिकामा तीन घटनामा एक जनाको मृत्युका साथै दुई जना घाइते र म्याग्दे गाउँपालिकामा एक घटनामा एक जना घाइते भएका थिए ।

अधिकांश चितुवाको आक्रमण बालबालिकाको मृत्यु र घाइते भएका छन् भने भालु र बाँदरको आक्रमणबाट नगन्य मात्रामा घाइते भएका छन् । वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०८० अनुसार हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकर, जंगली बँदेल, अर्ना, मगर गोही, अजिंगर र गौरीगाईबाट क्षति भएमा राहतका लागि पीडित वा हकवालाले ३५ दिनभित्र सम्बन्धित निकायमा निवेदन दिनुपर्दछ ।

वन्यजन्तुबाट सामान्य घाइते भएका व्यक्तिलाई बढीमा २० हजार रूपैयाँसम्म औषधि उपचार खर्च दिने व्यवस्था रहेको डिभिजन वन कार्यालयले जनाएको छ । त्यस खालका घटनामा परी सख्त घाइते भएकालाई दुई लाख रूपैयाँ र सोभन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले ब्यहोर्ने प्रावधान रहेको डिभिजन प्रमुख मनोज रानाभाटले जानकारी दिए ।

उनका अनुसार अंगभंग भई जीवनभर गम्भीररूपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालालाई जीविकोपार्जनको लागि एकमुष्ट पाँच लाख रूपैयाँ राहत रकम दिने व्यवस्था रहेको छ । मानिसको मृत्यु भएमा मृतकको आश्रित परिवारलाई १० लाख रूपैयाँ राहत रकम दिइने छ ।

गम्भीर घाइते भई उपचाररत रहेको व्यक्तिको अस्पतालबाट 'डिस्चार्ज' भएपश्चात् सोही कारणले ३५ दिनभित्र मृत्यु भएमा वा अस्पतालमा निरन्तर थलिएर मृत्यु भएमा मृतकको नजिकको हकवालालाई उपचार खर्च पूरै र १० लाख रूपैयाँ राहत प्रदान गरिने छ । चालु आवमा भने त्यस खालका घटना नभएको जनाइएको छ । *रासस*

# प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक अधिकारको पूर्ण कार्यान्वयन माग

**पर्सा (प्रस)–** विभिन्न राजनीतिक दलका नेता तथा सञ्चार क्षेत्रका विज्ञहरूले प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक अधिकारको पूर्ण कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

मिडिया काउन्सिल मधेस प्रदेशले वीरगञ्जमा बिहीबार आयोजना गरेको 'स्वच्छ, विश्वसनीय र मर्यादित पत्रकारिताका लागि आचारसंहितासम्बन्धी अभिमुखीकरण' कार्यक्रममा उनीहरूले संविधानको प्रस्तावनामा उल्लेख 'पूर्ण प्रेस स्वतन्त्रता'लाई व्यावहारिकरूपमा पूर्णरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु रावतले मुलुकमा परिवर्तनको हरेक संघर्षमा पत्रकारको अतुलनीय योगदान रहेको उल्लेख गर्दै अबका दिनमा पनि परिवर्तनका पक्षमा लाग्न आग्रह गरे । उनले भने, 'मिडियाले आफ्नो विश्वसनियता कायम राख्नुपर्छ, दबाब र प्रभावमा पर्नु हुँदैन, आफ्नो गरिमा कायम राख्नुपर्छ ।'

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाले मर्यादित र जिम्मेवार पत्रकाररिताका निम्ति पत्रकारले अनिवार्यरूपमा आचारसंहिता पालना गर्नुपर्ने धारणा राखे । उनले भने, 'हामीले प्रेस स्वतन्त्रताको कुरा गर्दैगर्दा आफ्नो कर्तव्य बिर्सनु हुँदैन, आचारसंहिता पालना गर्दै सत्यतथ्य, विश्वसनीय र जिम्मेवार पत्रकारितामा ध्यान दिन जरुरी छ ।'

नेपाल पत्रकार महासंघका सचिव अशोक तिवारीले सरकारले सञ्चारमाध्यमलाई दिने विज्ञापनलाई निरन्तरता दिनुपर्ने बताए । नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष श्याम बन्जाराले पत्रकार आचारसंहिताबारे टीकाटिप्पणी र प्रश्न उठिरहेका बेला पत्रकारिता क्षेत्रलाई शुद्धीकरण गर्नुपर्ने आवश्यकता औंल्याए ।

महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालले पछिल्लो समयमा पत्रकारितामा पेसागत चुनौती बढ्दै गएको उल्लेख गर्दै समाचार लेखेकै कारण पत्रकार पीडित हुन नहुने बताए । मिडिया काउन्सिल मधेस प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झा, पत्रकार दीपेन्द्र चौहान, ऋषि लामिछानेलगायतले पत्रकार आचारसंहिता कार्यान्वयनमा जोड दिए ।


## मलेसियामा रोजगार

कम्पनी : Lavender Confectionery & Bakery Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | पून: विज्ञापन स्वीकृति मिति : २०८३/03/08 | LT. No. 338358 | चलानी नं. ६०२५१८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1700 | ६२,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम इजाजत नं. १४०४/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : RIKAZ AL SHARQIYAH GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343638 | चलानी नं. ६०२५७०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | 2200 | ८८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार

कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING ( BR. OF BERKELEY SERVICES UAE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/03/08 | LT. No. 317675 | चलानी नं. ६०२३१९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 26 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Kathmandu Metropolitan City, Samakhushi-26,Town Planning मा मिति : २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
श्रम इजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

## साउदी/कुवेतमा रोजगार

कम्पनी : ARABIAN WIRE FACTORIES COMPANY — For contact : 9851152340

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343667 | चलानी नं. ६०२५७०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 20 | 0 | 1000 | ४०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AADATNA CATERING COMPANY — For contact : 9811912400

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343644 | चलानी नं. ६०२५७०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTAURANT WORKERS | 9 | 0 | 130 | ६३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

## युएइमा रोजगार

कम्पनी : AL SAMRA ELECTROMECHANICAL CONTRACTING L.L.C (Al Samra Group Of Company)

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343342 | चलानी नं. ६०२५६९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASST REINFORCING FITTER | 1 | 0 | 1400 | ५७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Asst Welder | 1 | 0 | 1400 | ५७,६४५ | | | | | | | |
| 3. | Construction Carpenter | 1 | 0 | 1600 | ६५,८८० | | | | | | | |
| 4. | Driver | 3 | 0 | 2000 | ८२,३५० | | | | | | | |
| 5. | electrician | 3 | 0 | 1600 | ६५,८८० | | | | | | | |
| 6. | Helper | 2 | 0 | 1200 | ४९,४१० | | | | | | | |
| 7. | Labour | 1 | 0 | 1200 | ४९,४१० | | | | | | | |
| 8. | Mechanical Operator | 1 | 0 | 1600 | ६५,८८० | | | | | | | |
| 9. | Painter | 1 | 0 | 1600 | ६५,८८० | | | | | | | |
| 10. | Stevedore/Lasher | 1 | 0 | 1600 | ६५,८८० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते ( 26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com
श्रम इजाजत नं. ७०२/०६३/०६४

## जापानमा रोजगार

कम्पनी : IWAKI BUSINESS SUPPORT COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/03/08 | LT. No. 343723 | चलानी नं. ६०२५७००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Manuacturing | 6 | 4 | 172167 | १,६२,०६५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १२ गते (26th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Richhood Overseas Inc. Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com
Govt. License 539/061/062


## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मितिः २०८३/०३/०५ गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति **२०८३/०३/१२** (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण:**

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | तनहुँ | कर्लुङ | ६/६ग | १०७७ | ३४९.६९ | घरजग्गा |
| २. | तनहुँ | कर्लुङ | ६/६ग | ९७६ | २८६.१७ | जग्गा |
| ३. | तनहुँ | कर्लुङ | ६/६ग | ८७९ | ४७४.९६ | घरजग्गा |
| ४. | तनहुँ | कर्लुङ | ६/६ग | ८८४ | ४१९.३१ | जग्गा |

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# प्रभाव दैनिक





### एफएफएल अवार्ड २०८३ अमेरिकामा

एफएफएल अवार्ड २०८३ अमेरिकाको न्युयोर्कमा हुने भएको छ । अवार्डको तयारीको लागि आयोजक प्रमुख दिनेश लिङ्देन अमेरिका पुगेका छन् । न्युयोर्कको किरात चोकमा पत्रकार सम्मेलन गर्दै यो वर्षको अगष्टमा एफ एल एफ अवार्ड हुने जानकारी दिइएको छ । पत्रकार सम्मेलनमा एफ एल एफ अवर्ड २०२६ का प्रमुख सल्लाहकार तथा नेपाल सरकार पुर्व सदभावना पर्यटन दूत, न्युयोर्क एवम् हामी नेपाली ग्लोबलका प्रबक्ता केशव राम राई, मुख्य सहयोगी सस्था नेपाल अमेरिका कलाकार संघको अध्यक्ष बसन्ती राई, फिल्म निर्देशक किशोर सुब्बा, विश्व कीर्तिमान कायम राख्न सफल पार्कर दिनेश सुनारको उपस्थिति रहेको थियो ।




शुक्रबार, ५ असार २०८३ (Friday, 19 June 2026)


# 'रोल नं १'को टिकटमा आधा छुट !

■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'रोल नं १' अब दर्शकले आधा मूल्यमै हेर्न पाउने भएका छन् । निर्माणपक्षले आफ्नो सिनेमा 'रोल नं १'को टिकट ५० प्रतिशत मूल्य छुट गरेर बिक्री गर्ने निर्णय गरेको छ । यो निर्णयसँगै अब 'रोल नं १' टिकटको मूल्यमा हरेक दर्शकले ५० प्रतिशत छुट पाउनेछन् । जस्तै चार सय रूपैयाँ पर्ने टिकट अब २०० रूपैयाँमा अथवा ३०० रूपैयाँमा टिकट मूल्य रहेका हलमा १५० मा यो सिनेमाको टिकट पाइनेछ ।

विद्यार्थी र अभिभावकले चलचित्रको टिकटको मूल्य घटाउन गरेको आग्रह अनुसार हरेक हलका हरेक शोमा टिकट मूल्यमा ५० प्रतिशत छुट दिइएको निर्माता विनोद पौडेलले बताएका छन् । 'स्कुल, अभिभावक र विद्यार्थीहरूको विशेष अनुरोधलाई अब सेभेन सिज सिनेमाले चलचित्र रोल नं. १ को टिकटमा ५० प्रतिशत छुट प्रदान गरेको छ,' निर्माता पौडेलले भने, 'नेपालभरका सहभागी सिनेमाघरहरूमा ५० प्रतिशत छुट लागु भइसकेको छ ।'

शिक्षा प्रणाली, विद्यार्थीको मानसिक दबाब, अभिभावकको संघर्ष र जीवनका यथार्थ कथा चलचित्र 'रोल नं. १'ले उठाएको निर्माता पौडेलले बताएका छन् । सेभेन सिज सिनेमाको ब्यानरमा निर्माण भएको यो चलचित्रलाई जोन योञ्जनको निर्देशन गरेका छन् ।

चलचित्रमा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी मुख्य भूमिकामा छन् । चलचित्रको बाल-कलाकारमा निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल र सिजल श्रेष्ठ रहेका छन् । विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको चलचित्रको सह-निर्मातामा छत्रमाया गिरी र रमेश चौलागाईं छन् । 'रोल नं १'लाई महेश दवाडीले लेखेका हुन् । शिवराम श्रेष्ठ डीओपी रहेको यो सिनेमामा प्रशान्त शिवाकोटीको संगीत र मदन घिमिरेको सम्पादन छ ।




# सकियो 'अक्षरा'को छायांकन

**काठमाडौं** (**प्रस**)– विनयराज पौडेलको निर्देशनमा निर्माण भइरहेको नेपाली चलचित्र 'अक्षरा'को छायांकन सकिएको छ । कलाकार तथा प्राविधिकहरूको कडा मिहिनेतका कारण पूर्व निर्धारित कार्यतालिका अनुसार नै ३७ दिनमा चलचित्रको सम्पूर्ण छायांकन पूरा भएको हो ।

चलचित्रका निर्देशक पौडेलले सबैको बलियो सहकार्य र अथाह मिहिनेतले गर्दा सहज रूपमा तोकिएकै समयभित्र सुटिङ सम्पन्न गर्न सफल भएको बताउँदै सम्पूर्ण टिमलाई धन्यवाद दिएका छन् ।

चलचित्रको सुटिङ समापन गर्नुअघि गत सोमबार मात्रै निर्माण टोलीले तीज पर्वलाई लक्षित गर्दै तयार पारिएको "नाँचौं न बरि लै' बोलको गीतको छायांकन गरेको थियो । उक्त गीतमा सुरेन्द्र रानाको शब्द, कर्णराज गिरीको संगीत र चर्चित गायिका समीक्षा अधिकारीको स्वर रहेको छ ।

क्षित बाबु प्रोडक्सन हाउसको ब्यानरमा निर्माण भएको यस चलचित्रमा सुशील सिटौला, न्यान्सी खड्का, सुशील पोखरेल, पुष्कर राउत, रिस्ता अधिकारी, अंशु महर्जन, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी र सृष्टि खड्काको मुख्य अभिनय रहनेछ । यसैगरी चलचित्रमा बालकलाकारका रूपमा रोनक खड्का र प्रीसा ढुङ्गानालाई पनि देख्न सकिनेछ ।

चलचित्रका निर्माता उग्रसेन ढुङ्गाना र सुग्रसेन ढुङ्गाना हुन् भने कार्यकारी निर्माताका रूपमा सुरज थापाकाजी र सुमन ज्योति न्यौपाने रहेका छन् । चलचित्रको कथा निर्माता उग्रसेन आफैँले लेखेका हुन् भने पटकथा तथा संवाद अभिमन्यु निरवी र निर्देशक पौडेलको छ ।

दिपेन बस्न्यातको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी र शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको यस




चलचित्रमा मदन न्यौपानेको श्रृङ्गार, प्रार्थना भट्टराईको भेषभूषा र सुमन काफ्लेको निर्माण व्यवस्थापन रहेको छ । यस्तै, मुख्य सहायक निर्देशकमा दिवस विक्रम बोहोरा र सहायक निर्देशकहरूमा मनोज बोहोरा र सौरभ शाह रहेका छन् ।

यसअघि दर्जनौं नेपाली चलचित्रहरूमा सहायक निर्देशकका रूपमा लामो अनुभव बटुलिसकेका विनयराज पौडेलले यसै चलचित्रमार्फत स्वतन्त्र निर्देशकका रूपमा डेब्यु गर्न लागेका हुन् । राकेश दाहालले पोस्टर डिजाइन गरेको यो चलचित्र आगामी भदौ २६ गतेबाट देशभरका सिनेमाघरमा प्रदर्शनमा आउने तयारीमा छ । चलचित्रलाई नेशनल सिने ग्रुप नेपालका तर्फबाट दीपक दंगालले वितरण गर्ने जिम्मा लिएका छन् ।

## रंगशाला

एनपीएल क्रिकेट

# लुम्बिनीद्वारा कप्तान रोहितसहित ७ खेलाडी रिटेन

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल प्रिमियर लिग(एनपिएल) को डिफेन्डिङ च्याम्पियन लुम्बिनी लायन्सले टोलीको कप्तान तथा मार्की खेलाडी रोहित पौडेल सहित ७ खेलाडीलाई तेस्रो संस्करणका लागि पनि निरन्तरता दिएको छ ।

बिहिबार टोलीले तेस्रो संस्करणमा टोलीमा निरन्तरता पाएका ७ खेलाडीको नाम सार्वजनिक गरेको हो । टोलीमा निरन्तरता पाउने खेलाडीमा कप्तान रोहित, दिनेश अधिकारी, सन्दीप जोरा, अभिषेस गौतम, तिलकराज भण्डारी, शेर मल्ल र दिलिप नाथ रहेका छन् । लुम्बिनी तेस्रो संस्करणका लागि ७ नेपाली खेलाडीलाई टोलीमा निरन्तरता दिदा ५ लाई भने फुकुवा गरेको छ । अक्सन अघि फुकुवामा पर्ने खेलाडीहरूमा विवेक यादव, दुर्गेश गुप्ता, विशाल पटेल, सुमित महर्जन, आदिल खान र समिर अलि रहेका छन् ।



लुम्बिनीले दोस्रो संस्करणमा सुरुआतको ३ खेल हार्दै च्याम्पियन बनेको थियो ।

१०औं राष्ट्रिय महिला बास्केटबल

# उपाधिका लागि बुढानिलकण्ठ र ग्रान्डी स्टार्स भिड्ने

**काठमाडौं** (**प्रस**)– १०औं राष्ट्रिय महिला खुल्ला बास्केटबल प्रतियोगिताको उपाधिका लागि बुढानिलकण्ठ नगरपालिका र ग्राण्डी स्टार्स भिड्ने भएका छन् ।

नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा भइरहेको प्रतियोगितामा बुढानिलकण्ठ र ग्राण्डीले सेमिफाइनल खेल जित्दै फाइनलमा स्थान बनाएका हुन् ।

कीर्तिपुर कभर्डहलमा भइरहेको प्रतियोगिताको पहिलो सेमिफाइनलमा ग्राण्डी स्टार्सले आइएसए नेपाललाई ६६-३२ को अन्तरले हरायो । चारै क्वाटरमा अग्रता बनाएको ग्राण्डी स्टार्सले १५-७, २८- १०, १२-८, ११-७ को प्रदर्शन गऱ्यो ।

यस खेलमा ग्राण्डी स्टार्की स्मृति पाइजुले सर्वाधिक १४ अंक स्कोर गरिन् । उनी प्लेअर अफ दि म्याच घोषित भइन् ।



यस्तै दोस्रो सेमिफाइनलमा बुढानिलकण्ठले सुनसरी बास्केटबल एसोसिएसनलाई ७२-३९ ले सहजै हरायो । बुढानिलकण्ठले तीन क्वाटरमा अग्रता बनाउने क्रममा १९-११, २१-४, १३-१६, १९-८ को प्रदर्शन गऱ्यो । बुढानिलकण्ठको जितमा उर्जा राना मगरले सर्वाधिक २१ अंक स्कोर गरिन् । उनी प्लेअर अफ दि म्याच घोषित भइन् ।

बुढानिलकण्ड र ग्राण्डी स्टार्सबीचको फाइनल खेल शुक्रबार दिउँसो ३ बजे हुने नेबाले जनाएको छ । प्रतियोगिताको विजेताले ५० हजार तथा उपविजेताले ३० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी (एमभीपी) लाई १० हजार, उदीयमान टोलीलाई १० हजार तथा उपत्यकाबाहिरबाट सहभागी उदीयमान खेलाडीलाई ५ हजार रूपैयाँ प्रदान गरिने संघले जनाएको छ ।

नेपाल बास्केटबल संघले एक दशकपछि आयोजना गरेको यस महिला बास्केटबलको राष्ट्रिय प्रतियोगिता साबा महिला बास्केटबल च्याम्पियनसिपको लागि राष्ट्रिय टिम छनोटको आधार समेत रहेको बास्केटबल संघले जनाएको छ ।

# 'खेलकुद क्षेत्र सरकारको उच्च प्राथमिकतामा'

**काठमाडौं** (**प्रस**)– शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा तथा खेलकुद क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत शिक्षा तथा खेलकुद मन्त्रालयको विनियोजन शीर्षकमा उठेका प्रश्नको जवाफ दिँदै उनले उपलब्ध स्रोतका आधारमा शिक्षा तथा खेलकुद क्षेत्रका लागि अधिकतम बजेट छुट्ट्याइएको जानकारी दिए ।

'आव २०८३/८४ को कूल राष्ट्रिय बजेट रु २१ खर्ब २४ अर्ब ३४ करोड ४४ लाखमध्ये शिक्षा तथा खेलकुद क्षेत्रमा रु दुई खर्ब १८ अर्ब ३० करोड ५० लाख विनियोजन गरिएको छ', मन्त्री पोखरेलले भने, 'यो कूल राष्ट्रिय बजेटको १०.२८ प्रतिशत हो ।'

उनले प्रतिशतका हिसाबले यो बजेट चालु आवको तुलनामा ०.४७ प्रतिशतले कम भए पनि परिमाणका हिसाबमा चालु आवको भन्दा प्रस्तावित बजेट सात अर्बले बढेको जानकारी दिए ।

'संघीय तहबाट आगामी वर्षका लागि शिक्षा तथा खेलकुद क्षेत्रमा विनियोजन भएको बजेट १०.२८ प्रतिशत रहेको भए तापनि विगत वर्षमा प्रदेश सरकारबाट विद्यालय नर्स, शिक्षण अनुदान कोटा, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ल्याब र विद्यालय पूर्वाधार निर्माणमा बजेट विनियोजन हुने बजेट उल्लेख्य नै रहने छ', मन्त्री पोखरेलले भने ।

विद्यालय शिक्षामा सबैभन्दा बढी ६९.४९ प्रतिशत, उच्च शिक्षातर्फ ११.०४, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा २.५६ प्रतिशत, खेलकुदमा १.७४ प्रतिशत र व्यवस्थापनमा १५.१७ प्रतिशत बजेट विनियोजन गरिएको उनले जानकारी दिए । 'विद्यालय शिक्षा उपक्षेत्रमा विनियोजित बजेट रु एक खर्ब ५१ अर्ब ६९ करोड ७१ लाखमध्ये पूर्वाधार निर्माणमा जम्मा रु १० अर्ब ४५ करोड २४ लाख ४ हजार विनियोजन गरिएको छ', उनले भने ।


## मनाङ वेभरेजेज प्रा. लि.

*भ्याट नं.: ६०९७१६७०८*
*अन्तशुल्क इजाजत नं.: २२०१०१०६७९७*

मनाङ डिस्याङ्ग गा.पा.-१, पिसाङ, भ्राताङ, मनाङ

**मनाङ वेभरेजेज प्रा. लि. द्वारा उत्पादित वाइनहरूको मूल्यसूची सम्बन्धी सूचना**

यस उधोगद्वारा उत्पादित निम्न ब्राण्डका वाइन नेपाल अधिराज्यभरी मिति २०८३/०३/०५ गते देखि लागु हुने गरि निम्न बमोजिम मुल्यमा विक्रि वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | प्याकेजिङ्ग | नेशनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | होलसेल मुल्य मु.अ.कर समेत प्रति कार्टुन | होलसेल कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति एकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Manang Valley Premium** *(Sweet)* | १२x७५० एम एल | १०,१०३/- | ४५०/- | १०,५५३/- | ५४०/- | ११,०९३/- | ५५५/- | ११,६४८/- | १,३००/- | १२,९४८/- | १,०७९/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | १२x७५० एम एल | १०,१०३/- | ४५०/- | १०,५५३/- | ५४०/- | ११,०९३/- | ५५५/- | ११,६४८/- | १,३००/- | १२,९४८/- | १,०७९/- |
| **Manang Valley Premium** *(Sweet)* | २४x३७५ एम एल | १०,२८७/- | ४६०/- | १०,७४७/- | ५४०/- | ११,२८७/- | ५६५/- | ११,८५२/- | १,३००/- | १३,१५२/- | ५४८/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | २४x३७५ एम एल | १०,२८७/- | ४६०/- | १०,७४७/- | ५४०/- | ११,२८७/- | ५६५/- | ११,८५२/- | १,३००/- | १३,१५२/- | ५४८/- |
| **Manang Valley Premium** *(Dry)* | १२x७५० एम एल | १२,११५/- | ५२०/- | १२,६३५/- | ६४०/- | १३,२७५/- | ६६५/- | १३,९४०/- | १,६००/- | १५,५४०/- | १,२९५/- |
| **Manang Valley Premium** *(Rose)* | १२x७५० एम एल | १२,११५/- | ५२०/- | १२,६३५/- | ६४०/- | १३,२७५/- | ६६५/- | १३,९४०/- | १,६००/- | १५,५४०/- | १,२९५/- |
| **Manang Valley Premium** *(Sweet)* | ४x४ लि. बक्स | १५,१५५/- | ६६०/- | १५,८१५/- | ८००/- | १६,६१५/- | ८३५/- | १७,४५०/- | १,९५०/- | १९,४००/- | ४,८५०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | ४x४ लि. बक्स | १५,१५५/- | ६६०/- | १५,८१५/- | ८००/- | १६,६१५/- | ८३५/- | १७,४५०/- | १,९५०/- | १९,४००/- | ४,८५०/- |

नोटः उल्लेखित मुल्यमा आवश्यकता अनुसार व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु सोधभर्ना उपलव्ध गराउन सकिनेछ ।



दक्षिण चीनको हाइनान प्रान्तको हाइकोउमा रहेको हाइनान ट्रपिकल वन्यजन्तु पार्क र बोटानिकल गार्डेनको भ्रमण गर्दै विदेशी पर्यटक । *तस्बिरः सिन्ह्वा*

# भारी वर्षाका कारण गुआङडोङमा करिब ४० हजार मानिस विस्थापित

**गुआंगडोङ (चीन)–** विगत केही दिनदेखि दक्षिण चीनको गुआंगडोङ प्रान्तका विभिन्न भागमा भएको भारी वर्षाका कारण उक्त क्षेत्रमा बसोबास गर्ने ३७ हजार ६०१ जना बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै सिन्ह्वाले रिपोर्ट गरेको छ ।

सिन्ह्वाका अनुसार गुआंगडोङ प्रान्तमा तेस्रो स्तरको बाढी नियन्त्रण आपत्कालीन प्रतिक्रिया र चौथो स्तरको विपद् राहत आपत्कालीन प्रतिक्रिया जारी राखिएको छ । झुहाई र शेञ्जेनलगायत धेरै सहरहरूले विद्यालय बन्द गर्ने सूचना जारी गरेका जनाइएको छ । वर्षाका कारण हुने सुरक्षा जोखिमबाट बच्न चीन रेलवे गुआङझाउ समूहले रेल सञ्चालन समय तालिका समायोजन गरेको पनि उल्लेख गरिएको छ ।



सिन्ह्वाका अनुसार गुआंगडोङ फायर एण्ड रेसकिउ कोरले गत शुक्रबारदेखि प्रमुख सहरहरूमा २४७ जना अग्नि नियन्त्रक, ५३ वटा फायर ट्रक र ३७ वटा डुंगा तैनाथ राखेको छ । यसैबीच, गुआंगडोङ प्रान्तीय जलस्रोत विभागले जलाशयहरूमा गस्ती बढाएको जनाएको छ । भारी वर्षाका कारण प्रशासनले आपत्कालीन मर्मतसम्भारका लागि सात हजार २२६ जना कर्मचारी दुई हजार ९९४ सहायक सवारीसाधन र दुई हजार १०८ जेनेरेटर आपत्कालीन राहतका लागि परिचालन गरेको छ ।

प्रान्तीय आपत्कालीन व्यवस्थापन विभागका अनुसार हालसम्म कुनै हताहत भएको खबर आएको छैन । सिन्ह्वाका अनुसार प्रान्तीय मौसम विज्ञान विभागले बिहीबारसम्म भारी वर्षा जारी रहने पूर्वानुमान गरेको छ । शुक्रबारदेखि शनिबारसम्म प्रान्तभरि वर्षा सामान्यतया कमजोर हुने उल्लेख गरिएको छ ।

जी-२० जलवायु जोखिम एटलसका अनुसार, जलवायु परिवर्तनले पहिले नै चीनमा विनाशकारी प्रभाव पारेको छ । यस्तै अवस्था रहेमा चीनले विनाशकारी जलवायु प्रभावहरूको सामना गर्नुपर्ने रिपोर्ट गरिएको छ । उत्सर्जन घटाउन तत्काल कदम नचालिएमा, चीनमा गर्मीको लहर लामो समयसम्म रहने छ र गर्मीसँग सम्बन्धित अतिरिक्त मृत्युहरू बढ्ने जनाइएको छ । सन् २०५० सम्ममा चीनमा दुई करोड ५० लाखभन्दा बढी मानिसले बाढीको सामना गर्नुपर्ने जनाइएको छ ।

चीनले जति छिटो कम कार्बन उत्सर्जन नीतिहरू अपनाउँछ, त्यति नै छिटो जलवायु प्रभावहरू कम हुने र तापक्रम वृद्धिलाई दुई डिग्री सेल्सियसमा सीमित गरेमा चीनमा जलवायु प्रभावको लागत घट्ने जनाइएको छ । *रासस/एएनआई*

# हेजबुल्लासँग उदार बन्न नेतान्याहुलाई ट्रम्पको आग्रह

**एभियन (फ्रान्स)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुलाई लेबनानमा हेजबुल्लाहका लक्ष्यहरू सामना गर्न उदार दृष्टिकोण अवलम्बन गर्न आग्रह गरेका छन् ।



दुई राष्ट्रबीचको गठबन्धन बलियो रहेको कुरामा जोड दिँदै ट्रम्पले इजरायलले खतराहरूलाई आक्रामकरूपमा प्रतिक्रिया दिनेलगायतका विषयमा असहमति रहेको खुलासा गरेका छन् । यसअघि मंगलबार लेबनानमा सैन्य कारबाहीलाई नियन्त्रण गर्न कडा असन्तुष्टि व्यक्त गर्दै ट्रम्पले इजरायली प्रधानमन्त्री नेतान्याहुको कडा निन्दा गरेका थिए । सिरियाले हेजबुल्लाहको व्यवस्थापनमाथि नियन्त्रण लिन सक्ने प्रस्ताव पेस गर्दै उनले इजरायलले छिटो काम गर्न सक्षम हुनुपर्ने कुरामा जोड दिँदै नेतान्याहुसँग सन्तुष्ट नभएको बताएका छन् ।

विस्तारित शत्रुताले इरानसँगको आफ्नो कूटनीतिक सफलतामा नकारात्मक प्रभाव पारेकोसमेत ट्रम्पले बताएका छन् । उनले संयुक्त राज्य अमेरिकाले तेहरानसँगको सम्झौतालाई अन्तिम रूप दिनुभन्दा दुई घण्टाअघि बेरुतमा भएको इजरायली आक्रमणप्रति कडा असन्तुष्टि व्यक्त गरेका छन् ।

लेबनानमा तीव्र, तथा दैनिकरूपमा भएको इजरायली बमबारीको बीचमा हजारौंको ज्यान गएको उल्लेख गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले बढ्दो नागरिक हाताहातको विषयमा नेतान्याहुसँग असन्तुष्ट रहेको बताए । फ्रान्समा जी-७ शिखर सम्मेलनको अवसरमा बोल्दै ट्रम्पले इजरायलले हेजबुल्लाहसँग लामो समयदेखि लडिरहेको कारण धेरै मानिसको मृत्यु भएको बताएका छन् ।

यसैबीच अमेरिकी राष्ट्रपति ट्रम्पले सिरियाका राष्ट्रपति अहमद अल-साराले हेजबुल्लाहको नियन्त्रणलाई अझ प्रभावकारीरूपमा निरीक्षण गर्न सक्ने भन्दै सिरियालाई हेजबुल्लाहको हेरचाह गर्न दिन सुझाव दिएका छन् । *रासस/एएनआई*

# इरान द्वन्द्वपछि युएईका एयरलाइन्सले घोषणा गरे विस्तारित यात्रा बिमा योजना

**दुबई–** मध्यपूर्वमा जारी द्वन्द्वको प्रभावपछि यात्रुलाई आकर्षित गर्न संयुक्त अरब इमिरेट्स (युएई)का प्रमुख एयरलाइन्सले विस्तारित यात्रा बिमा र सुविधा योजना सार्वजनिक गरेका छन् ।




युएईको प्रमुख एयरलाइन्स एमिरेट्स एयरलाइन्सले बुधबार नयाँ यात्रा बिमा प्याकेज घोषणा गरेको छ, जसअन्तर्गत द्वन्द्वको अवस्थामा विस्तारित चिकित्सा कभरेज, यात्रा रद्द, ढिलाइ, सामान हराउने तथा आपत्कालीन उद्धारजस्ता सुविधा समेटिएका छन् । एयरलाइन्सका अनुसार यस योजनाको उद्देश्य यात्रुलाई थप सुरक्षा र विश्वास प्रदान गर्नु हो । एमिरेट्सका अध्यक्ष टिम क्लार्कले दुबईलाई प्रमुख पर्यटन केन्द्रका रूपमा प्रवर्द्धन गर्दै यात्रुको विश्वास बढाउन नयाँ बिमा सुविधा आवश्यक भएको बताए ।

उनका अनुसार बजारमा यात्रासम्बन्धी बिमा कभरेजमा कमी देखिएकाले कम्पनीले ग्राहक आवश्यकतालाई ध्यानमा राख्दै यो योजना अघि सारेको हो । त्यसैगरी अबुधाबीस्थित इतिहाद एयरवेजले जुलाइदेखि डिसेम्बरसम्म युएई भ्रमण गर्ने अन्तर्राष्ट्रिय यात्रुका लागि निःशुल्क चिकित्सा सेवा प्रदान गर्ने घोषणा गरेको छ ।

यस क्षेत्रको हवाई यातायात पछिल्ला महिनामा इरानसँग सम्बन्धित द्वन्द्वका कारण प्रभावित भएको बताइन्छ । विश्लेषकका अनुसार मध्यपूर्वमा बढ्दो तनावले उडान सञ्चालन र पर्यटक आगमनमा असर पारेको छ । *रासस/एएफपी*

# युद्ध अन्त्य गर्ने समझदारीपत्रमा अमेरिका र इरानले गरे विद्युतीय रूपमा हस्ताक्षर

## लेबनानसहित सबै स्थानमा सैन्य कारबाही तत्काल र स्थायीरुपमा समाप्त गर्ने घोषणा

**वासिङ्टन–** संयुक्त राज्य अमेरिका र इजरायलको इरानविरुद्धको युद्ध अन्त्य गर्ने समझदारीपत्र (एमओयू)मा अमेरिका र इरानले इलेक्ट्रोनिक (विद्युतीय) रूपमा हस्ताक्षर गरेका छन् । पाकिस्तानको मध्यस्थतामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानका राष्ट्रपति मसूद पेजेश्कियानले इलेक्ट्रोनिक रूपमा समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौतामा हस्ताक्षरपछि इरानी राष्ट्रपति पेजेश्कियानले 'आपसी सम्मानबाट शान्ति प्राप्त हुने छ' भन्ने सन्देश सामाजिक सञ्जालमार्फत साझा गरेका छन् । अमेरिका-इरानबीचको समझदारीपत्र पोस्ट गर्दै उनले लेखेका छन्, 'इस्लामिक गणतन्त्र इरान सधैं आफ्नो मर्यादा र स्वतन्त्रतालाई जोगाउँदै विश्वव्यापी शान्तिको खोजीमा प्रतिबद्ध र दृढ रहेको छ ।'

संयुक्त राज्य अमेरिका र इरानले दुई पक्षबीच इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरिएको समझदारीपत्र (एमओयू) सार्वजनिक गरेका छन् । समझदारीपत्रमा तत्काल र स्थायी युद्धविराम, ६० दिनभित्र अन्तिम सम्झौता वार्ता गर्ने प्रतिबद्धताका साथै प्रतिबन्ध राहत, आवागमनको स्वतन्त्रता र पुनर्निर्माणसँग सम्बन्धित उपायहरू समावेश छन् ।

समझदारीपत्रमा लेबनानसहित सबै स्थानमा सैन्य कारबाही तत्काल र स्थायीरूपमा समाप्त गर्ने घोषणा गरिएको छ । यसबाहेक, संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानले अबदेखि एकअर्काविरुद्ध कुनै युद्ध वा कुनै सैन्य कारबाही सुरु नगर्ने, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने र एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्नबाट टाढा रहनुका साथै एकअर्काकोविरुद्धमा धम्की वा बल प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।





दुवै पक्षले आपसी सहमतिमा अधिकतम ६० दिनमा वार्ता र अन्तिम सम्झौता हासिल गर्ने प्रतिबद्धता जनाएका छन् । अन्तिम सम्झौताले युद्धको अन्त्यलाई औपचारिक बनाउने र दुवै पक्षबीचका सवालहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

यस समझदारीपत्रमा हस्ताक्षर भएलगत्तै संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्र इरानविरुद्ध आफ्नो नौसैनिक नाकाबन्दी हटाउन सुरु गर्ने र ३० दिनभित्र नौसैनिक नाकाबन्दी पूर्णरूपमा अन्त्य गर्ने जनाइएको छ । इरानले खाडी र ओमानबीचमा ६० दिनका लागि व्यावसायिक जहाजहरूको सुरक्षित मार्ग सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ । यसैगरी समझदारीपत्रमा इरानी अर्थतन्त्रको पुनर्निर्माण र विकासका लागि योजना समावेश गरिएको छ भने सम्झौताको अन्तिम भागको रूपमा कार्यान्वयन संयन्त्रलाई अन्तिम रूप दिइने उल्लेख गरिएको छ ।

प्रतिबन्ध सन्दर्भमा, संयुक्त राज्य अमेरिका इरान इस्लामिक गणतन्त्रविरुद्ध सबै प्रकारका प्रतिबन्ध समाप्त गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद् संकल्पसहित, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी बोर्ड अफ गभर्नरका प्रस्तावहरू र सबै अमेरिकी प्रतिबन्धहरू, फुकुवा गर्ने जनाइएको छ । आणविक सवालमा इरानले आणविक हतियारहरू खरिद वा विकास नगर्ने प्रतिबद्धता दोहोर्‍याएको जनाइएको छ ।

दुवै पक्षले आएएइएको पर्यवेक्षणमा पारस्परिकरूपमा सहमत हुने संयन्त्रको अनुशरणमा भण्डार समृद्ध सामग्रीको व्यवस्थापन गर्न समाधान गर्न सहमत भएका छन् । उनीहरूले अन्तिम सम्झौतामा युरेनियम संवर्द्धन र इरानको आणविक आवश्यकतामाथि पनि वार्ता जारी राख्ने सहमति जनाएका छन् ।

समझदारीपत्रमा अन्तिम सहमति नभएसम्म यथास्थिति कायम रहने जनाइएको छ । यसमा कुनै नयाँ अमेरिकी प्रतिबन्धहरू र अतिरिक्त सेनाको तैनाथी समावेश नरहेको र इरानको आणविक कार्यक्रमको हालको स्थिति परिवर्तित नहुने जनाइएको छ । सम्झौतापछि इरानी कच्चा तेल, पेट्रोलियम उत्पादन र सम्बन्धित सेवाहरूको निर्यातलाई अनुमति दिने छुट जारी गर्ने, नियन्त्रण गरिएको इरानी कोष र सम्पत्ति खुला गर्ने जनाइएको छ । समझदारीपत्रको कार्यान्वयन र अन्तिम सम्झौताको अनुपालनको निगरानी गर्न संयुक्त संयन्त्रको स्थापनाको पनि व्यवस्था गरिएको छ ।

सैन्य कारबाहीको अन्त्य, आवागमन स्वतन्त्रता र आर्थिक प्रतिबन्धहरू कम गर्न प्रमुख प्रावधानहरूको कार्यान्वयनपछि अन्तिम सम्झौताका लागि वार्ता सुरु हुने जनाइएको छ । उक्त अन्तिम सम्झौता संयुक्त राष्ट्र सुरक्षा परिषद्को बाध्यकारी प्रस्तावमार्फत स्वीकृत हुने छ । *रासस/क्युएनए*

### सम्झौता कार्यान्वयन गर्न आज स्विट्जरल्याण्डमा वार्ता

**जेनेभा–** मध्यपूर्व युद्ध अन्त्यका लागि अमेरिका-इरान समझदारी कार्यान्वयन गर्न 'प्रारम्भिक वार्ता' शुक्रबार बर्नस्थित 'स्विस रिसोर्ट कम्प्लेक्स'मा हुने योजना रहेको स्विट्जरल्यान्डले बिहीबार पुष्टि गरेको छ ।

स्विट्जरल्याण्डको विदेश मन्त्रालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सम्झौताको कार्यान्वयनका लागि 'प्रारम्भिक वार्ता' गर्न संयुक्त राज्य अमेरिका र इरानका साथै मध्यस्थकर्ताहरू पाकिस्तान, कतार र अन्य सम्बन्धित देशहरूले भोलि (शुक्रबार) बर्गनस्टकमा भेट्ने छन् ।'

यस घोषणाले मध्य स्विट्जरल्याण्डको लुसर्न नजिकै बर्गनस्टकस्थित लक्जरी होटल कम्प्लेक्समा हुने भनिएको बैठकको अनिश्चितताको पर्दा हटाएको छ । यो बैठक सुरुमा मंगलबार सोही स्थानमा हुने घोषणा गरिएको थियो । उक्त बैठकलाई अमेरिका र इरानबीच फेब्रुअरी २८ मा अमेरिका-इजरायल हमलाबाट सुरु भएको क्षेत्रीय युद्ध अन्त्य गर्ने सहमति भएको समझदारीपत्रमा हस्ताक्षर समारोहका रूपमा हेरिएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार पेरिस नजिकै आयोजित एक रात्रिभोज कार्यक्रममा र इरानी राष्ट्रपति मसुद् पेजेस्कियानले तेहरानबाटै विद्युतीय प्रतिमा हस्ताक्षर गरेका थिए । स्विट्जरल्याण्डमा इरानका प्रमुख वार्ताकार मोहम्मद बाघर गालिबाफ र अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सम्झौताको विस्तृत विवरण तयार पार्न छलफलमा भाग लिने अपेक्षा गरिएको थियो । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९७२०० | प्रति तोला – ० | प्रति तोला – ४९४५ |

## औद्योगिक क्षेत्रको महसुल विवाद निरूपण नहुँदासम्म विद्युत् लाइन नकाट्न आग्रह

■ प्रभाव संवाददाता

CONFEDERATION OF NEPALESE INDUSTRIES
TALKING BUSINESS, TALKING CHANGE

**काठमाडौं–** नेपाल उद्योग परिसंघले औद्योगिक क्षेत्रभित्रका भाडासम्बन्धी विवादको अन्तिम कानुनी निरूपण नहुँदासम्म उद्योगमा विद्युत् लाइन नकाट्न आग्रह गरेको छ। सर्वोच्च अदालतको फैसलाअनुसार केही उद्योगले भाडा भुक्तानी गरिसकेका र अन्य उद्योगीले महसुल तिर्न खोजिरहेका जनाउँदै परिसंघले बक्यौता तिर्ने समय थप गर्न अनुरोध गरेको हो।

औद्यौगिक क्षेत्र व्यवस्थापन लिमिटेडले गत जेठ २५ गते सूचना जारी गर्दै सात दिनभित्र बक्यौता भुक्तानी गर्न उद्योगलाई निर्देशन दिएको थियो। औद्योगिक क्षेत्रभित्रका भौतिक संरचना प्रयोग गरेबापत ३०० भन्दाबढी उद्योगले रु ८८ करोडभन्दा बढी बक्यौता तिर्न बाँकी रहेको लिमिटेडले जनाएको छ।

अर्थतन्त्रलाई चलायमान बनाउन उत्पादनमूलक उद्योगलाई प्रोत्साहन र संरक्षण गर्नुपर्ने आवश्यकता रहेको औंल्याउँदै परिसंघले विज्ञप्तिमार्फत उद्योगलाई निर्वाध सञ्चालनका लागि सहयोग र सहजीकरण गर्न सम्बन्धित सबैलाई आग्रह गरेको हो।

औद्योगिक क्षेत्रभित्र भाडा वृद्धिसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले विसं २०८१ चैत १२ गते लिमिटेडले बढाएको नयाँ भाडादर विसं २०७९ असार २२ गतेदेखि मात्रै लागू हुने फैसला गरेको थियो। सो फैसलालाई उद्योगीले स्वीकार गरिसकेको अवस्थामा लिमिटेड सर्वोच्च अदालतको फैसला पुनरावलोकन गर्न सर्वोच्च अदालत गएको अवस्था छ।

'सर्वोच्चबाट सो विवादको अन्तिम निरूपण नहुँदासम्म औद्योगिक क्षेत्रभित्रका कुनै पनि उद्योगमा विद्युत् लाइन नकाट्न र काटिएका उद्योगमा पुनःजोड्न परिसङ्घ अनुरोध गर्दछ', परिसंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

## 'राष्ट्रिय गौरवका आयोजना समयमा सम्पन्न गर्न उच्च प्राथमिकता'

■ प्रभाव संवाददाता

**काठमाडौं –** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राष्ट्रिय गौरवका आयोजनालाई तोकिएको समयमै सम्पन्न गर्न सरकारले उच्च प्राथमिकता दिएको बताएका छन्।

प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयक, २०८३ माथि भएको शीर्षकगत छलफलमा राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकाय, रक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सम्बन्धित विभिन्न शीर्षक माथिको छलफलमा उठेका प्रश्नहरूको प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट जवाफ दिँदै अर्थमन्त्री डा. वाग्लेले सो धारणा राखेका हुन्।

मन्त्री डा. वाग्लेले यसका लागि आयोजनाको जग्गा प्राप्ति, सम्भाव्यता अध्ययन, पूर्वतयारीका कार्य सम्पन्न भएपछि मात्र राष्ट्रिय गौरवका आयोजनाका रूपमा स्वीकृत गरी बजेट विनियोजन गरिने नीति अवलम्बन गरिएको स्पष्ट गरे। भविष्यमा राष्ट्रिय गौरवका आयोजनाको काम तोकिएको समयमा प्रारम्भ र सम्पन्न हुने विश्वास लिइएको उनको भनाइ छ।



बैठकमा अर्थमन्त्री डा. वाग्लेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका सबै निकायहरूको कुल बजेटमा फरक नपरेको तर सूचना प्रविधि विभाग र राष्ट्रिय साइबर सुरक्षा केन्द्रको पुँजीगततर्फ मन्त्रालयगत बजेट सूचना प्रणाली एलएमबिआइएसमा विनियोजित कार्यक्रम एक्सेल सिटमा लुकेकाले प्रकाशन भएको विकास कार्यक्रम पुस्तिकामा नदेखिएको पनि स्पष्ट पारे।

नेपालको संविधानबमोजिम तीनवटै तहका सरकारको काम तथा जिम्मेवारीलाई स्पष्ट गर्ने उद्देश्यले २०७३ सालमा कार्यविस्तृतीकरण प्रतिवेदन तर्जुमा गरिएको जनाउँदै उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संघीयता कार्यान्वयनका क्रममा देखिएका जटिलता र अस्पष्टतालाई निराकरण गर्न उक्त प्रतिवेदन परिमार्जनको कार्य अगाडि बढाएको बताए।

अर्थमन्त्री डा वाग्लेले स्थानीय तह, सातवटै प्रदेश र केन्द्रीयस्तरमा सरोकार भएका निकायसँग छलफल र अन्तरक्रिया गरी विज्ञहरूको समेत राय लिई कार्यविस्तृतीकरण प्रतिवेदनको मस्यौदा तयार गरिएको पनि स्पष्ट गरे। उनले परिवर्तित सन्दर्भमा उक्त मस्यौदाउपर थप अध्ययन गरी परिमार्जनको प्रक्रिया अगाडि बढाइने जानकारी गराए।

### डिजिटल प्रविधि सम्बन्धमा

ठूला डाटा सेन्टर खोल्नु अघि मानव जीवन तथा वनस्पति जगतसम्म नकारात्मक प्रभाव नपार्ने गरी चिसो मौसम भएको ठाउँमा डाटा सेन्टर बनाउनुपर्ने भन्ने प्रश्नमा अर्थमन्त्री डा. वाग्लेले हाल सूचना प्रविधि पूर्वाधारका लागि सिंहदरबारस्थित एकीकृत डाटा व्यवस्थापन केन्द्र, हेटौंडास्थित डिजास्टर रिकभरी केन्द्र सञ्चालनमा रहेका जानकारी दिए।

साथै, कोहलपुरस्थित डाटा सेन्टरको निर्माण कार्य सम्पन्न भएको, खुमलटारमा डाटा सेन्टर स्थापनाको प्रारम्भिक कार्य सम्पन्न भएको, कृत्रिम बुद्धिमत्ता (एआई) समेतका लागि भविष्यमा नयाँ डाटा सेन्टर स्थापना गर्दा सम्बन्धित स्थानको हावापानी, भौगोलिक अवस्था, वातावरणीय र सामाजिक जीवनमा पार्ने प्रभावकोसमेत मूल्यांकन गर्ने व्यवस्था मिलाइने जानकारी पनि उनले दिए।

## कर्पोरेट

### तिलोत्तमामा नापतौल उपकरण नवीकरण सेवा




**तिलोत्तमा (प्रस)–** तिलोत्तमा नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्दै आएका उद्योगी तथा व्यवसायीले प्रयोग गर्ने नापतौलसम्बन्धी उपकरणको नवीकरणलाई सहज बनाउन बिहीबारदेखि विशेष सेवा कार्यक्रम सुरु गरिएको छ।

तिलोत्तमा व्यापार संघको आयोजनामा सञ्चालन भएको कार्यक्रमअन्तर्गत व्यवसायीले प्रयोग गर्दै आएका तराजु, डिजिटल स्केललगायत नापतौलका उपकरणको नवीकरण तथा आवश्यक प्रक्रिया स्थानीय स्तरमै सम्पन्न गरिनेछ। यसका लागि नापतौल कार्यालय बुटवलको प्राविधिक टोली विभिन्न स्थानमा पुगेर सेवा प्रदान गरिरहेको संघले जनाएको छ।

व्यवसायीलाई कार्यालय धाउनुपर्ने झन्झट हटाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेका अनुसार सेवा तीन दिनसम्म विभिन्न स्थानमा सञ्चालन हुनेछ।

कार्यक्रमको पहिलो दिन बिहीबार शंकरनगरस्थित रेडिसन होटलमा वडा नम्बर १, २, ३ र ४ का व्यवसायीलाई सेवा प्रदान गरिएको छ। त्यसैगरी असार ५ गते कोटिहवा चोकमा वडा नम्बर १३, १४, १५, १६, १७ र १८ का व्यवसायीलाई सेवा दिइनेछ। असार ८ गते तिलोत्तमा व्यापार संघको सभाहलमा वडा नम्बर ५, ६, ७, ८, ९, १०, ११ र १२ सहित छुटेका अन्य वडाका व्यवसायीलाई सेवा उपलब्ध गराइने जनाइएको छ।

### सिटिजन्स बैंकद्वारा राखु भगवती स्वास्थ्य चौकीलाई सहयोग



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश, म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका वडा नं. २ को राखु भगवती स्वास्थ्य चौकीलाई आवश्यक स्वास्थ्य सामग्री तथा स्वच्छ खानेपानी व्यवस्थापनका लागि पाइप सहयोग प्रदान गरेको छ।

बेनी शाखा मार्फत गरिएको सहयागमा स्वास्थ्य चौकीलाई अस्पताल बेड, बेबी वार्मर, औषधि ट्रली तथा स्वच्छ खानेपानी आपूर्तिका लागि आवश्यक एचडीपीई पाइप हस्तान्तरण गरेको छ। उक्त स्वास्थ्य चौकीले वडा नं. १ र २ का ४३०० भन्दा बढी स्थानीय बासिन्दालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। साथै, स्वास्थ्य चौकीमा सञ्चालन भइरहेको २४ घण्टे प्रसूति सेवा केन्द्रले ग्रामीण क्षेत्रका गर्भवती तथा सुत्केरी महिलालाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ।

स्वास्थ्य चौकीको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने तथा स्थानीय समुदाय, विशेषगरी विपन्न र सीमान्तकृत परिवारको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले उक्त सहयोग प्रदान गरिएको हो। यस सहयोग मार्फत स्वास्थ्य संस्थाको भौतिक तथा सेवा पूर्वाधार सुदृढ भई मातृ तथा शिशु स्वास्थ्य सेवासहित समग्र स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक योगदान पुग्ने विश्वास बैंकले लिएको छ। आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायीत्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने योजना रहेको विषय जानकारी गराएको छ।

### फोटोनलाई कर्पोरेट कमर्शियल भेहिकल अवार्ड




**काठमाडौं (प्रस)–** यस वर्षको कर्पोरेट कमर्शियल भेहिकल अवार्ड-२०२६ बाट फोटोन भेहिकल सम्मानित भएको छ। फोटोनलाई आधुनिक प्रविधि, सुरक्षा, दिगो गतिशीलता तथा वातावरणमैत्री यातायात समाधानमार्फत नेपालको यातायात क्षेत्रको विकासमा उल्लेखनीय योगदान पुऱ्याएबापत उक्त अवार्ड प्रदान गरिएको हो।

उक्त अवार्ड एमएडब्लू भृद्धि कर्मिशियल भेहिकल प्रालिका प्रमुख कार्यकारी अधिकृत अनिल कुमार बरालले राजधानीमा आयोजित एक कार्यक्रममा ग्रहण गरेका हुन्। यस सम्मानले नेपाली कमर्शियल भेहिकल बजारमा फोटोनको बढ्दो प्रभाव र नेपाललाई स्वच्छ, हरित तथा प्रभावकारी यातायात प्रणालीतर्फ अघि बढाउने कम्पनीको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने विश्वास लिइएको छ।

नेपालभर २,००० भन्दा बढी फोटोनका सवारीसाधन आपूर्ति भइसकेको छ। यससँगै ब्रान्डले नेपालको कमर्शियल यातायात क्षेत्रमा मजबुत उपस्थिति स्थापित गरेको छ। फोटोनका भरपर्दा ट्रक, भ्यान तथा इलेक्ट्रिक कमर्शियल सवारीसाधनहरूले व्यावसायिक गतिशीलता सुधार गर्न महत्वपूर्ण भूमिका खेलेका छन् भने दिगो यातायात विकासका राष्ट्रिय लक्ष्यहरूलाई पनि सहयोग पुऱ्याएका छन्।

यस अवार्डले फोटोनको इलेक्ट्रिक मोबिलिटी प्रवर्द्धन, कार्बन उत्सर्जन न्यूनीकरण, स्वच्छ ऊर्जा प्रयोगलाई प्रोत्साहन तथा नेपालको विकसित हुँदै गएको यातायात पूर्वाधार र आर्थिक वृद्धिलाई सहयोग गर्ने उन्नत कमर्शियल भेहिकल प्रविधि भित्र्याउने नेतृत्वदायी भूमिकालाई मान्यता दिएको छ।

## राष्ट्रिय आर्थिक गणना अन्तिम चरणमा

**काठमाडौं (प्रस) –** राष्ट्रिय आर्थिक गणना, २०८२ अन्तिम चरणमा रहेको छ। गणनामा यही असार ३ गतेसम्म १२ लाख ९८ हजार प्रतिष्ठान सहभागी भएका छन्।

कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार कार्यालयले गत वैशाख २ गतेदेखि असार ७ गतेसम्मका लागि राष्ट्रिय गणना अभियान अघि बढाएको छ। 'राष्ट्रिय आर्थिक गणना अहिलेसम्म उल्लासपूर्ण माहोलमा सञ्चालन भइरहेको छ,' उनले भने, 'अझै तीन दिन बाँकी रहेकाले अन्य प्रतिष्ठानलाई राष्ट्रिय आर्थिक गणनामा सहभागी हुन अनुरोध गरिन्छ।' प्रवक्ता लामिछानेका अनुसार राष्ट्रिय तथ्यांक कार्यालयबाट खटिएका तीन हजार ९०६ गणकलाई आवश्यक पर्ने तथ्यांक उपलब्ध गराउन आव्हान गरिएको छ।

विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ